लोकतन्त्रप्रति पूर्ण समर्पित
साप्ताहिक
# नयाँ विमर्श
Naya Bimarsha Weekly
प्रेस काउन्सिल नेपालबाट "क" वर्गमा वर्गीकृत
वर्ष २०, अंक ११, २०८३ असोज २३ गते शुक्रबार (Oct. 09, 2026) मू.अ.क.नं.३०४९७३८१५ मूल्य रू.१०।- (संस्थागत रु.१५।-) website: www.nayabimarsha.com

## पूर्वाधार विकासको सचिवमा मैनाली



काठमाडौं/ सरकारले पूर्वाधार विकास मन्त्रालयको सचिवमा पदम मैनालीलाई पदस्थापन गरेको छ। गत असोज १३ गते तात्कालिन सचिव गोपाल सिग्देल अनिवार्य अवकासमा परेपछि सो स्थान रिक्त अवस्थामा थियो।

मैनालीलाई असोज १९ गतेको मन्त्रिपरिषद्को वैठकले सचिवमा पदस्थापन गरेको हो। वरिष्ठ सहसचिव (सु.इ.) को रुपमा कार्यरत मैनालीलाई वरिष्ठताको आधारमा सचिवमा पदस्थापन गराइएको बताइएको छ। करिब आठ वर्ष तात्कालिन शहरी विकास मन्त्रालयमा काम गरेको अनुभव सचिव मैनालीमा रहेको बताइएको छ। यसैगरी शहरी विकास तथा भवन निर्माण विभागमा समेत मैनालीले चार वर्षको अनुभव गरेको बताइएको छ।

मैनालीले ६ महिनाजति विभागको महानिर्देशकको रुपमा समेत कार्य गरेको स्रोतले बताएको छ। तात्कालिन भौतिक पूर्वाधार तथा यातायात, शहरी विकास र खानेपानी मन्त्रालय एकीकृत भएपछि विकासे मन्त्रालयको नेतृत्व सम्हाल्नेमा मैनाली दोस्रो रहेको बाँकी ७ पृष्ठमा

# कांग्रेसमा अबको नेतृत्व कस्तो ?

## शुक्रबार मतदान

## देउवा निराश

**पिएमणि भट्टराई**



भक्तपुर/ नेपाली कांग्रेसको १५औँ महाधिवेशनले पार्टीको नेतृत्वमा देखिएको पुस्तान्तरणलाई औपचारिक रूप दिने दिशामा अघि बढेको छ। हिजो बिहीबार दिउँसो २ बजेदेखि शुरु हुने भनिएको मतदान प्राविधिक कारण देखाउँदै आज शुक्रबार हुने भनी जानकारी गराइएको छ। यो निर्वाचन तथा निर्वाचन परिणामसँगै कांग्रेस अब लामो समयदेखि प्रभावमा रहेको पुरानो नेतृत्वको छायाबाट बाहिर निस्किएर नयाँ पुस्ताको हातमा पुग्ने कि फेरि पुरानै शक्ति समीकरणमा फर्किने भन्ने बहसको निर्णायक चरणमा प्रवेश गरेको छ।

महाधिवेशनमा सभापतिका लागि गगनकुमार थापाको उम्मेदवारीले नयाँ पुस्ताको नेतृत्वप्रतिको आकर्षणलाई बलियो बनाएको छ। थापा निर्विरोध सभापति बन्ने अवस्था देखिए पनि श्यामकृष्ण खड्गीले आफ्नो उम्मेदवारी कायम राखेपछि सभापति पदमा समेत निर्वाचन हुने भएको छ। संख्यात्मक रूपमा खड्गीको उम्मेदवारीभन्दा ठूलो विषय भने कांग्रेसभित्र नेतृत्व परिवर्तनप्रतिको मनोविज्ञान बनेको छ। लामो समयदेखि पार्टी सञ्चालनमा प्रभाव राखेको पुस्ताबाट जिम्मेवारी नयाँ पुस्तातर्फ सर्दै गएको सन्देश महाधिवेशनले दिएको छ।

वरिष्ठ उपसभापतिमा विश्वप्रकाश शर्मा तथा महिला उपसभापतिमा पुष्पा भुसाल निर्विरोध रुपमा निर्वाचित भइसकेका छन्। शर्मा स्वयं लामो समयदेखि परिवर्तन र पुस्तान्तरणको बहसमा सक्रिय नेताका रूपमा रहँदै आएका छन्। त्यसैले उनको निर्विरोध चयनलाई पनि कांग्रेसको नयाँ नेतृत्व संरचनाको एउटा महत्वपूर्ण संकेतका रूपमा हेरिएको छ।

नेतृत्व चयनको प्रक्रिया सहज र छोटो हुने अवस्था भने छैन। अघिल्लो कार्यसमितिको तुलनामा नेतृत्व संरचना र पदाधिकारीको संख्या ठूलो भएकाले मतदानसँगै मतगणनामा पनि समय लाग्ने देखिएको छ। ठूलो संख्यामा उम्मेदवार र प्रतिनिधि सहभागी भएको महाधिवेशनको परिणाम क्रमशः सार्वजनिक हुने भएकाले अन्तिम तस्वीर आउन केही समय लाग्नेछ।

*बदलिएको मनोविज्ञान*

कांग्रेसमा अहिले देखिएको परिवर्तनलाई केवल गगन थापाको व्यक्तिगत राजनीतिक उचाइका रूपमा बुझ्नु अपूर्ण हुन्छ। यसको पछाडि पार्टीभित्र लामो समयदेखि जम्दै आएको असन्तुष्टि र नयाँ पुस्ताको बढ्दो बेचैनी जोडिएको छ। कांग्रेसका युवाहरू अब पार्टीमा पद पाउन मात्र चाहिरहेका छैनन्। उनीहरू पार्टीको निर्णय प्रक्रिया, नेतृत्वको शैली, सरकार सञ्चालन, संगठनको पुनर्संरचना र सार्वजनिक विश्वसनीयतामा परिवर्तन खोजिरहेका छन्। पछिल्ला निर्वाचनमा परम्परागत दलहरूप्रति देखिएको वितृष्णाले पनि कांग्रेसभित्र आत्मसमीक्षाको दबाब बढाएको छ।

त्यसैले गगनको नेतृत्वमा देखिएको उत्साहलाई व्यक्तिपूजाभन्दा पनि परिवर्तनको चाहनाको अभिव्यक्तिका रूपमा बुझ्नुपर्ने कांग्रेसका नेताहरूको धारणा छ। कांग्रेसका एक नेताले भने, "कार्यकर्ताले अब पुराना अनुहारको विकल्प मात्र खोजेका होइनन्, उनीहरूले पार्टीभित्र नयाँ संस्कार र काम गर्ने नयाँ तरिका खोजिरहेका छन्।" यो अपेक्षा पूरा गर्न नसक्नु नयाँ नेतृत्वका लागि पहिलो चुनौती हुनेछ। सभापति परिवर्तन भएर मात्र कांग्रेस बदलिने छैन। पार्टीको निर्णय गर्ने शैली, गुटगत व्यवहार र अवसर वितरणको परम्परा पनि बदलिनुपर्नेछ।

*देउवा पक्षमा घट्यो उत्साह*

यता पूर्वसभापति शेरबहादुर देउवा पक्षले छुट्टै महाधिवेशन प्रक्रियालाई अगाडि बढाउन प्रयास गरे पनि त्यसले कांग्रेसको मूलधारमा देखिएको जस्तो राजनीतिक तरंग सिर्जना गर्न सकेको छैन। देउवा पक्षले बी.पी. कोइरालाका पुत्र शशांक कोइरालाको संयोजकत्वमा महाधिवेशन तयारी समिति गठन गर्दै आफ्नो बाटो अघि बढाएको थियो। शशांकको संयोजकत्वमा रहेको समितिमा गणेशमान सिंहका पुत्र प्रकाशमान सिंह, महेन्द्रनारायण निधिका पुत्र विमलेन्द्र निधि, प्रकाशशरण महत, मोहनबहादुर बस्नेत, कान्छाराम तामाङ, दीपक खड्कालगायतका नेताहरू देउवा पक्षमा खुलेर देखिएका छन्। विगतमा देउवासँग नजिक देखिएका सबै प्रभावशाली नेताहरू अहिले त्यही रूपमा उभिएका छैनन्।

विशेषगरी डा. शेखर कोइराला र पूर्णबहादुर खड्का स्पष्ट रूपमा देउवा पक्षको समानान्तर अभियानमा नखुलेको अवस्थाले पनि शक्तिसमीकरण बदलिएको संकेत गरेको छ। कांग्रेसभित्र प्रभावशाली मानिएका बाँकी ७ पृष्ठमा

## एमालेको अगाडिको बाटो के ?

काठमाडौं/ नेकपा (एमाले) अहिले एउटा यस्तो मोडमा उभिएको छ, जहाँ पार्टीको अगाडिको बाटो केवल आगामी निर्वाचनको तयारीले निर्धारण गर्ने अवस्था छैन। नेतृत्वको निरन्तरता, पुस्तान्तरणको माग, संगठनभित्रको असन्तुष्टि र पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीको पुनःसक्रिय राजनीतिले एमालेभित्र नयाँ राजनीतिक समीकरणको सम्भावना जन्माएको छ। यही पृष्ठभूमिमा बिहीबार सुरु भएको स्थायी कमिटी बैठकलाई पार्टीको आगामी दिशाबारे संकेत दिने महत्वपूर्ण अवसरका रूपमा हेरिएको छ।

एमालेको पछिल्लो अवस्थालाई एउटा वाक्यमा बुझ्ने हो भने पार्टी अहिले 'नेतृत्वको स्थायित्व कि नेतृत्वको पुनर्विचार' भन्ने प्रश्नको बीचमा छ। अध्यक्ष खड्गप्रसाद शर्मा ओलीले आफ्नो नेतृत्वलाई निरन्तरता दिइरहेका छन्। निर्वाचनको परिणाम, पार्टीभित्र उठेका प्रश्न र नयाँ पुस्ताको सक्रियताले विगतको शैलीमै पार्टी अघि बढाउन पर्याप्त हुन्छ कि हुँदैन भन्ने बहस जन्माइसकेको छ।

ओलीका लागि सबैभन्दा महत्वपूर्ण कुरा अहिले आफ्नो राजनीतिक प्रभाव कायम राख्नु मात्र होइन, आफू वरिपरि बनेको नेतृत्व संरचनालाई नयाँ परिस्थितिअनुकूल बनाउन सक्नु हो। पार्टीभित्र असन्तुष्टि बढ्दै जाँदा प्रत्यक्ष टकराव रोज्नेभन्दा फरक विचार भएका नेताहरूलाई संस्थाभित्र स्थान दिने बाटो रोज्नु उनको रणनीति हुन सक्छ। विद्यादेवी भण्डारीलाई पार्टीको दोस्रो वरीयतामा ल्याइनु यसै राजनीतिक व्यवस्थापनको एउटा उदाहरणका रूपमा लिन सकिन्छ। एमालेले उनलाई अध्यक्षपछिको दोस्रो वरीयतामा राखेको छ र पार्टीका प्रमुख बैठकमा सहभागी हुने जिम्मेवारी दिएको छ।

भण्डारीको पुनरागमनलाई ओलीको जित वा हारका रूपमा मात्र बुझ्दा विषय साँघुरो हुन्छ। भण्डारी स्वयं एमालेको पुरानो संगठनात्मक पृष्ठभूमिबाट आएकी नेतृ हुन्। लामो समय राष्ट्राध्यक्षको जिम्मेवारी सम्हालेपछि उनी पुनः दलगत राजनीतिमा फर्किएकी छिन्। बाँकी ७ पृष्ठमा

## अभियान कि राजनीतिक सुधारको खाँचो

ललितपुर/ देशमा राजनीतिक असन्तुष्टि बढ्दै जाँदा नयाँ-नयाँ अभियान र वैकल्पिक राजनीतिक प्रयत्नको चर्चा शुरु हुनु अस्वाभाविक होइन। पछिल्लो समय नेपाली कम्युनिष्ट आन्दोलनसँग जोडिएका नेता तथा पूर्वप्रधानमन्त्री झलनाथ खनालको नेतृत्वमा एउटा अभियान अघि बढ्ने तयारी भइरहेको संकेत देखिएको छ।

त्यस्तै नेकपा (एमाले) का नेता सुरेन्द्र पाण्डे, नेपाली कांग्रेसका नेता दीपकुमार उपाध्याय तथा तराईकेन्द्रित राजनीतिमा लामो समयदेखि सक्रिय हृदयेश त्रिपाठी लगायतका व्यक्तिहरूले 'नागरिक अभियान' का नाममा अर्को पहल अघि बढाउने तयारी गरिरहेका छन्। यसबाहेक तराईकेन्द्रित राजनीतिक पृष्ठभूमिका केही व्यक्तिहरूले पनि छुट्टै अभियान निर्माणको तयारी थालेको चर्चा छ। यी प्रयत्नलाई केवल व्यक्ति वा समूह विशेषको राजनीतिक महत्वाकांक्षाका रूपमा मात्र बुझ्नु उचित हुँदैन। यसभित्र स्थापित राजनीतिक दलप्रतिको निराशा, नेतृत्वप्रतिको अविश्वास र देशको राजनीतिक यात्राप्रति आम नागरिकमा देखिएको असन्तुष्टिको अभिव्यक्ति पनि लुकेको छ। नागरिकमा परिवर्तनको चाहना छ, तर परिवर्तनको नाममा बन्ने प्रत्येक नयाँ अभियानले त्यो चाहना पूरा गर्छ भन्ने सुनिश्चितता भने हुँदैन।

नेपालको राजनीतिक इतिहास हेर्दा असन्तुष्टिका बीचमा अनेकौं दल, समूह, मोर्चा र अभियान जन्मिएका छन्। कतिपयले केही समय राजनीतिक आकर्षण पनि पैदा गरे, तर दीर्घकालीन रूपमा संस्थागत हुन सकेनन्। अहिले पनि असन्तुष्ट नागरिकलाई केन्द्रमा राखेर अभियान बनाउने होड चल्नुले समस्या समाधानभन्दा राजनीतिक शक्तिको थप विखण्डन निम्त्याउने जोखिम उत्तिकै छ। आखिर मुलुकलाई चाहिएको बाँकी ७ पृष्ठमा

# सुशासनको भन्ने सरकार पनि लाचार !

**रुषा थापा**

भक्तपुर/ भ्रष्टाचार र कुशासनले देश खोक्रो बनाएको छ। देशमा सुशासन चाहियो भन्दै जेनजीले गत वर्ष त्यत्रो आन्दोलन गऱ्यो। नयाँ सरकार बन्यो, त के परिवर्तन भयो ? भ्रष्टाचार गर्ने, व्यक्तिगत फाइदा लिएर सरकारी सम्पत्ति दोहन गर्नेहरु अहिले पनि बाहिरै छन्। तिनीहरुमाथि छानबिन गर्न न हिजो सहज थियो न आज। विगतमा भ्रष्टाचार प्रकरणमा छानबिन गर्दा जनमतको दुरुपयोग गरेर रोकिन्थ्यो। अहिले त अनुसन्धान नै हुँदैन।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगका तात्कालीन प्रमुख आयुक्त लोकमानसिंह कार्कीले माओवादी लडाकु शिविर घोटाला काण्डमा छानबिन शुरु गरेका थिए। उनले त्यतिबेलाका प्रधानमन्त्री पुष्पकमल दाहाललाई पक्राउ गर्न खोजे। त्यसपछि हतारोमा २५ प्रतिशत सांसदको हस्ताक्षरमा उनीमाथि २०७३ कात्तिक ३ गते महाअभियोग लगाइयो। उनी पदबाट स्वतः निलम्बित भए। ६ महिनापछि त्यो महाअभियोग निष्कृय बन्यो। माओवादीबाट विभिन्न धम्की आएपछि उनी देशै छोडेर हिंडेका छन्।

तात्कालीन प्रधानन्यायाधीश चोलेन्द्रशमशेर जबराले बालुवाटारस्थित ललिता निवास र झापास्थित गिरीबन्धु टि स्टेटको जग्गा हिनामिना प्रकरणको मुद्दा अगाडि बढाउन खोजेका थिए। सो प्रकरणमामा तात्कालीन प्रधानमन्त्री माधव कुमार नेपाल, डा. बाबुराम भट्टराईदेखि खड्गप्रसाद शर्मा ओलीसम्मको नाम थियो। त्यसपछि उनलाई पनि हतारहतार २०७८ फागुन १ गते महाअभियोग लगाइयो। ६ महिनापछि उनीमाथि लगाइएको महाअभियोग निष्कृय भयो। जसले भ्रष्टाचारको भण्डाफोर गर्न खोज्छ, उसलाई कानूनको छिद्र प्रयोग गरेर पदबाट हटाइन्छ भन्ने कुरा स्थापित हुन पुगेको छ। अहिलेसम्म भ्रष्टाचार काण्डमा जोडिएकाहरु यसरी नै जोगिँदै आएका छन्।

रोचक प्रसंग के भने, बालेन्द्र शाह (बालेन) नेतृत्वको सरकार आएपछि पनि उनीहरु बचिरहेका छन्। अहिले राष्ट्रिय स्वतन्त्र पार्टीको झण्डै दुई तिहाईको बलियो सरकार छ। सरकारसँग भ्रष्टाचारको आरोपमा जोडिएकाहरुमाथि छानबिन र कारबाही गर्ने अवसर छ। सरकारले किन गरिरहेको छैन ? गम्भीर प्रश्न हो। रास्वपा सभापति रवि लामिछानेले २०४६ सालपछिका सबै फाइल खोल्ने घोषणा गरेका थिए।

सरकार बनेको सय दिनमा सबै भ्रष्टाचारीलाई थुन्ने र जेलमा ठाउँ नपुगे स्कुलमा थुन्ने उनको भनाइ छ। बालेन सरकार बनेको सात महिना लागेको छ। भ्रष्टाचारका एउटा पनि फाइल खोलिएको छैन। सरकारले एक जना पनि भ्रष्टाचारीलाई समातेको छैन। ललिता निवासको जग्गा क-कसको योजनामा व्यक्तिको नाममा गयो ? छर्लङ्ग छ। जनताले ललिता निवासको

जग्गा हिनामिना गर्नेलाई राम्ररी चिन्छन्। सुशासनको लागि बनेको भनिने वर्तमान सरकार पनि देख्दैन। जग्गा हिनामिना गर्नेहरु अहिले पनि खुलेआम हिँडिरहेका छन्। बाबुराम भट्टराईले ललिता निवासको मात्र होइन, थानकोटस्थित मातातीर्थको जग्गा पनि व्यक्तिको नाममा पास गरिदिएका छन्। माधव कुमार नेपालले प्रधानमन्त्री हुँदा मन्त्रिपरिषद्बाट स्वीकृत गरेर पतञ्जलीलाई धुलिखेलको ८८ रोपनी र साँगामा ८१७ रोपनी जग्गा पास गरिदिएका छन्। यता, कालोपुलमा १४ रोपनी जग्गा व्यक्तिलाई दिइएको छ। नेपालले क्याबिनेटबाट निर्णय गरेर अन्य जिल्लामा पनि जग्गा व्यक्तिलाई दिएका छन्। ललिता निवास जग्गा प्रकरणमा पनि उनको नाम जोडिएको छ। झलनाथ खनाल बाँकी ७ पृष्ठमा




# कांग्रेस : विभाजनको जोखिम कि रुपान्तरणको अवसर ?



**प्रसङ्गवश**
**कौशल कुमार भट्टराई**

नेपाली कांग्रेसको १५औँ महाधिवेशनसँगै पार्टीभित्र देखिएको शक्ति संघर्ष अब केवल नेतृत्व चयनको आन्तरिक प्रतिस्पर्धामा सीमित नरहने संकेत देखिएको छ। गगनकुमार थापा नेतृत्वमा कांग्रेसको आधिकारिक महाधिवेशन प्रक्रिया अघि बढिरहेका बेला पूर्वसभापति शेरबहादुर देउवा निकट मानिने समूहले पनि असोज १६ गतेदेखि वडा अधिवेशन शुरु गरी अघि बढाएको प्रसंगले कांग्रेसभित्रको पुरानो गुटगत द्वन्द्वलाई फेरि सतहमा ल्याएको छ। एउटै पार्टीको नाम, विधान र राजनीतिक विरासत दाबी गर्दै दुईतिरबाट अधिवेशन सञ्चालन गर्ने परिस्थिति आफैँमा कांग्रेसका लागि सुखद संकेत होइन। अझ पछिल्लो समय वडा, प्रदेश र केन्द्रीय तहसम्म आधिकारिक महाधिवेशनको प्रक्रिया अघि बढिसकेको अवस्थामा समानान्तर गतिविधिले अपेक्षित जनसमर्थन र राजनीतिक उत्साह पैदा गर्न नसकेको देखिएमा त्यसले अर्को पक्षको शक्ति र वैधानिकतामाथि पनि प्रश्न उठाउन सक्छ। मूल प्रश्न यहाँ कसको अधिवेशन वैधानिक हो भन्ने मात्र होइन; कांग्रेसजस्तो ऐतिहासिक दल फेरि पनि आन्तरिक शक्ति संघर्षका कारण दुई दिशामा जाने हो कि आफूलाई नयाँ राजनीतिक परिस्थितिअनुकूल रूपान्तरण गर्ने हो भन्ने हो। देउवा, बीपी कोइरालाका पुत्र शशांक कोइराला, शेखर कोइराला, प्रकाशमान सिंह, विमलेन्द्र निधिलगायतका नेताहरू एउटा छुट्टै धारमा उभिनुपर्ने परिस्थिति निर्माण हुँदै जाँदा त्यसको परिणाम कता पुग्छ भन्ने प्रश्न स्वाभाविक रूपमा उठ्छ। इतिहासमा कम्युनिष्ट आन्दोलनभित्र विभाजनपछि बनेका साना समूहहरू क्रमशः मूलधारबाट कमजोर हुँदै गएको उदाहरण कांग्रेसका लागि पनि एउटा राजनीतिक पाठ हुन सक्छ। समानान्तर संरचना निर्माण गरेर तात्कालीन शक्ति जोगाउन सकिएला, तर त्यसले दीर्घकालीन रूपमा जनताको विश्वास, संगठनको ऊर्जा र राजनीतिक प्रभाव जोगाउन सकिन्छ भन्ने कुनै सुनिश्चितता हुँदैन।

कांग्रेसभित्र अहिले देखिएको अवस्थालाई अर्को कोणबाट पनि हेर्न आवश्यक छ। समानान्तर कांग्रेस निर्माण भयो भने त्यसमा निर्वाचित हुने पदाधिकारी तथा नेतृत्वलाई कुनै न कुनै राजनीतिक सम्झौतामार्फत आगामी स्थानीय निर्वाचनअघि मूल कांग्रेसमा समायोजन गराउने प्रयास हुनसक्ने अनुमान पनि गर्न सकिन्छ। त्यस्तो अवस्थामा 'हामी पनि कांग्रेस हौँ' भन्ने दाबी गर्दै मूल पार्टीमा फर्कने नेतृत्वले आफूलाई समान राजनीतिक हैसियत दिनुपर्ने माग राख्न सक्छ। त्यसबाट पार्टी एकता त हुनसक्ला, तर त्यसको मूल्य फेरि गुटगत शक्ति सन्तुलनका रूपमा चुकाउनुपर्ने सम्भावना रहन्छ। विगतमा कांग्रेसभित्र बाँकी ७ पृष्ठमा

लोकतन्त्रप्रति पूर्ण समर्पित
साप्ताहिक
नयाँ विमर्श
Naya Bimarsha Weekly

# लड्केश्वर : जीवित एउटा लोकआस्था

**रोशन ज्ञवाली**

काभ्रेपलाञ्चोकको पनौती भन्नेबित्तिकै धेरैको सम्झनामा पुराना मन्दिर, जात्रा, सांस्कृतिक परम्परा र धार्मिक स्थलहरू आउँछन्। पनौतीको धार्मिक परिचय बजार र पुराना बस्तीमा मात्र सीमित छैन। नगरको भित्री भूगोलतिर पस्दै जाँदा प्रकृति र लोकविश्वाससँग जोडिएका थुप्रै तीर्थस्थल भेटिन्छन्। तिनैमध्ये पनौती नगरपालिका-११, बल्थली क्षेत्रको लड्केश्वर महादेव एउटा यस्तो स्थल हो, जहाँ धर्मको कथा चट्टान, खोला, गुफा र स्थानीय जनजीवनसँग मिसिएको छ। पनौती नगरपालिकाले पनि आफ्नो क्षेत्रलाई ऐतिहासिक, पुरातात्त्विक तथा धार्मिक दृष्टिले महत्वपूर्ण मान्दै आएको छ।

लड्केश्वरको विशेषता यसको भव्य भवनभन्दा पनि यसको प्राकृतिक परिवेश हो। लड्कु खोलाको आसपास रहेको चट्टानी भूभाग र गुफाभित्र शिवलिङ्ग रहेको यो ठाउँ सामान्य मन्दिरजस्तो खुला आँगनमा मात्र सीमित छैन। गुफाभित्रको चिस्यान, माथिबाट झर्ने पानी, वरिपरिका ढुंगाका आकृति र खोलाको आवाजले यहाँ पुग्ने मानिसलाई छुट्टै वातावरणको अनुभूति गराउँछन्। सरकारी पर्यटनसम्बन्धी सामग्रीले समेत लड्केश्वरलाई खोला किनारको गुफाभित्र जलहरीसहितको शिवलिङ्ग भएको धार्मिक स्थलका रूपमा उल्लेख गरेको छ।

*कथा जहाँबाट शुरु हुन्छ*

लड्केश्वरको उत्पत्तिबारे लिखित इतिहासभन्दा स्थानीय मुखबाट पुस्तौँदेखि सुनिँदै आएको कथा बढी प्रचलित छ। हिन्दू धार्मिक परम्परामा सतीदेवीको देहत्यागपछि भगवान् शिव उनको शरीर बोकेर संसारभरि भौँतारिएको प्रसंग आउँछ। त्यही धार्मिक आख्यानलाई लड्केश्वरसँग जोड्दै स्थानीयहरू सतीदेवीको नाभी यही भूभागमा खसेको विश्वास गर्छन्। यसै कारण यो स्थानमा शिवशक्ति प्रकट भएको र पछि लड्केश्वर महादेवका रूपमा पूजा हुँदै आएको जनविश्वास छ। यो कुरा प्रमाणित ऐतिहासिक घटना नभई धार्मिक किंवदन्ती हो, तर स्थानीय आस्थामा यसको प्रभाव भने गहिरो छ।

अर्को स्थानीय कथाले लड्केश्वरलाई समुद्रमन्थनको प्रसंगसँग जोड्छ। विष पिएपछि भगवान् शिवलाई भएको ताप शान्त पार्न उनी चिसो स्थान खोज्दै यस क्षेत्रको खोला किनारमा आएको र त्यहीँ विश्राम गरेको भन्ने विश्वास सुनिन्छ। सरकारी पर्यटन सामग्रीमा पनि यही प्रकारको पौराणिक व्याख्या उल्लेख छ। त्यसैले यहाँको नाम र धार्मिक महत्त्वलाई स्थानीयले केवल एउटा शिवलिङ्गसँग नभई महादेवको उपस्थिति र तपस्यासँग जोडेर हेर्ने गरेका छन्।

यी दुवै कथाको ऐतिहासिक प्रमाण खोज्ने हो भने अलग्गै अनुसन्धान आवश्यक पर्छ। तर ती कथाले एउटा महत्वपूर्ण कुरा देखाउँछन्–कुनै धार्मिक स्थलको परिचय केवल पुराना शिलालेख वा दस्तावेजबाट मात्र बन्दैन। मानिसले पुस्तौँसम्म दोहोर्‍याउँदै आएको विश्वास, त्यसमाथि बनेका संस्कार र त्यस ठाउँप्रतिको भावनात्मक सम्बन्धले पनि कुनै स्थानलाई तीर्थका रूपमा स्थापित गर्छ।

*ढुंगामा देखिने देवता*

लड्केश्वरमा पुग्दा धार्मिक अनुभूति गराउने अर्को पक्ष त्यहाँका प्राकृतिक आकृतिहरू हुन्। गुफा र आसपासका चट्टानमा विभिन्न देवदेवी वा धार्मिक प्रतीकसँग मिल्दोजुल्दो आकृति देखिने गरेको स्थानीय विश्वास छ। शिवलिङ्ग, जलहरी र बसाहासँग सम्बन्धित संरचनाका साथै प्राकृतिक रूपमा बनेका ढुंगाका आकृतिलाई श्रद्धालुले आस्थाका दृष्टिले हेर्छन्। यही कारण यहाँ प्रकृति र धर्मलाई अलग-अलग गरेर हेर्न कठिन हुन्छ।

यही भूगोलमा 'धर्मद्वार'सँग जोडिएको अर्को रोचक विश्वास पनि छ। चट्टानी संरचनाभित्र रहेको साँघुरो बाटोबाट मानिस छिर्ने परम्परालाई कतिपय स्थानीयले मानिसको पाप र पुण्यसँग जोडेर व्याख्या गर्छन्। सजिलै पार हुनेलाई धार्मिक रूपमा



शुद्ध र अड्किनेलाई पापको भार बोकेको भन्ने अर्थ लगाउने चलन रहेको पाइन्छ। आधुनिक दृष्टिले हेर्दा यो प्राकृतिक चट्टानको बनावट हो; धार्मिक दृष्टिले भने यही संरचना मानिसको आचरण जाँच्ने प्रतीक बनेको छ।

यस्ता विश्वासलाई अन्धविश्वास भनेर मात्र पन्छाउँदा त्यसमा लुकेको सामाजिक पक्ष छुट्न सक्छ। गाउँसमाजमा धर्मद्वारजस्ता कथाले मानिसलाई आफ्नो कर्म सम्झाउने, राम्रो काम गर्न प्रेरित गर्ने र तीर्थस्थलसँग भावनात्मक सम्बन्ध कायम राख्ने कामसमेत गरेको देखिन्छ।

*एकादशीमा जाग्ने बल्थली*

लड्केश्वरको सबैभन्दा ठूलो धार्मिक चहलपहल हरिबोधनी एकादशीको आसपास देखिन्छ। काभ्रेका विभिन्न ठाउँबाट मात्र होइन, काठमाडौं उपत्यका तथा छिमेकी जिल्लाबाट समेत श्रद्धालु यहाँ आउने गरेका छन्। सरकारी अभिलेखमै हरिबोधनी एकादशीका दिन बल्थलीमा लड्केश्वर महादेवको मेला लाग्ने उल्लेख छ।

मेलाको अर्थ यहाँ केवल पूजाआजा गरेर फर्किनु होइन। राति जाग्राम बस्ने, भजन-कीर्तन गर्ने, स्थानीयस्तरमा सांस्कृतिक गतिविधि गर्ने र भोलिपल्ट पूजा सम्पन्न गर्ने परम्पराले यसलाई सामुदायिक उत्सवको रूप पनि दिएको छ। विगतका मेलामा स्थानीय महिला तथा पुरुषको सहभागिता, रातभरको धार्मिक गतिविधि र बिहानको पूजालाई मेलाको निरन्तरतासँग जोडिएको विवरण भेटिन्छ।

लड्केश्वरको यही विशेषता हो–मेला सकिएपछि पनि त्यो स्थानसँग स्थानीयको सम्बन्ध सकिँदैन। खेतीपाती, पशुपालन, गाउँको दैनिकी र धार्मिक संस्कारबीच यो स्थल निरन्तर जोडिइरहन्छ। त्यसैले बाहिरबाट जानेका लागि यो एउटा 'घुम्ने ठाउँ' भए पनि स्थानीयका लागि यसको अर्थ त्यसभन्दा धेरै ठूलो छ।

*बाटो पनि यात्राकै एउटा भाग*

काठमाडौँबाट लड्केश्वर पुग्ने यात्रालाई पनौती हुँदै अगाडि बढाउन सकिन्छ। काठमाडौँ-भक्तपुर-बनेपा हुँदै पनौती प्रवेश गरेपछि खोपासी दिशातर्फ लाग्ने बाटो समात्नुपर्छ। खोपासीबाट लड्केश्वरतर्फको यात्रा ग्रामीण भूभागतिर मोडिन्छ। नेपाल नागरिक उड्डयन प्राधिकरणको पर्यटनसम्बन्धी प्रकाशनले पनि काठमाडौं-बनेपा-पनौती-खोपासी हुँदै लड्केश्वर पुग्ने र त्यसपछि पदयात्राबाट आसपासका क्षेत्र जोड्न सकिने मार्ग उल्लेख गरेको छ।

यस यात्राको आकर्षण मन्दिरमा पुगेर मात्र पूरा हुँदैन। पनौतीको पुरानो सांस्कृतिक भूगोल पार गर्दै ग्रामीण बस्ती, खेतबारी, खोला र पहाडी बाटो हुँदै अघि बढ्दा धार्मिक यात्रासँगै प्रकृतिको अनुभव पनि प्राप्त हुन्छ। बल्थलीलाई केन्द्र बनाएर नमोबुद्ध, पनौतीलगायत क्षेत्रतर्फ पदयात्राका सम्भावना रहेको उल्लेखसमेत पाइन्छ।

पनौती नगरको केन्द्र काठमाडौंबाट करिब ३२ किलोमिटर दक्षिणपूर्वमा रहेको नगरपालिकाको विवरण छ। त्यसपछि लड्केश्वरतर्फ जाने दूरी र यात्रा समय भने रोजिएको सडक तथा पैदलमार्गअनुसार फरक पर्न सक्छ।

*प्रकृतिको काखमा बढ्दै गरेको धार्मिक गन्तव्य*

लड्केश्वर वरपरको भौगोलिक अवस्था यसको अर्को ठूलो सम्पत्ति हो। यहाँको पहाडी भूभाग, खोल्साखोल्सी, हरियाली र ग्रामीण बस्तीले धार्मिक यात्रालाई प्रकृतिसँग जोडिदिन्छ। बल्थली आफैँ पनि लामो समयदेखि ग्रामीण पर्यटन र पदयात्राका लागि चिनिँदै आएको क्षेत्र हो। स्थानीयस्तरमा होमस्टे तथा पर्यटकीय आवासको विकासले पनि धार्मिक यात्रुका साथै घुमफिर गर्न चाहने मानिसलाई आकर्षित गर्ने आधार बनाएको छ।

यही प्राकृतिक सुन्दरता जोगाउनु अब चुनौती पनि हो। सडक विस्तारका नाममा चट्टान काट्ने, खोलाको किनार अव्यवस्थित बनाउने, मेलाको समयमा फोहोर बढ्ने वा तीर्थस्थललाई अत्यधिक भौतिक संरचनाले



भरिदिने हो भने लड्केश्वरको मौलिकता नै कमजोर हुन सक्छ। त्यसैले विकासको अर्थ केवल सडक र संरचना थप्नु नभई त्यहाँको प्राकृतिक र सांस्कृतिक चरित्र जोगाउनु पनि हो।

*स्थानीय सरकारको नयाँ चासो*

पछिल्ला वर्षमा लड्केश्वरलाई धार्मिक पर्यटनसँग जोड्ने प्रयासले गति लिएको देखिन्छ। पनौती नगरपालिका आफैँले कृषि, पर्यटन, कला र संस्कृतिलाई आफ्नो विकासको महत्वपूर्ण आधार मानेको छ। त्यसै सन्दर्भमा लड्केश्वरजस्ता ग्रामीण धार्मिक स्थललाई नगरको पर्यटन सञ्जालमा जोड्ने सम्भावना महत्वपूर्ण हुन्छ।

यहाँ निर्माण गरिएको १०८ फिट अग्लो त्रिशूल यसै प्रयासको एउटा उदाहरण हो। यसको निर्माणमा स्थानीय समुदाय, सामाजिक क्षेत्र र नगरपालिकाको सहकार्यको चर्चा गरिएको थियो। त्रिशूललाई धार्मिक प्रतीकसँगै पर्यटन आकर्षणका रूपमा विकास गर्ने उद्देश्य राखिएको थियो।

अबको आवश्यकता अझ फराकिलो छ। मन्दिरसम्म पुग्ने बाटो व्यवस्थित गर्ने, पैदलमार्गलाई सुरक्षित बनाउने, खानेपानी र शौचालयको प्रबन्ध गर्ने, मेला अवधिमा फोहोर व्यवस्थापन गर्ने, आवश्यक स्थानमा सूचना पाटी राख्ने र स्थानीय युवालाई पर्यटनसँग जोड्ने हो भने लड्केश्वरको उपयोगिता अझ बढ्न सक्छ। धार्मिक स्थलको विकास स्थानीय बासिन्दाको आयआर्जनसँग जोडिन सके त्यसको संरक्षणमा समुदायको स्वाभाविक रुचि पनि बढ्छ।

*लड्केश्वरको वास्तविक सम्पत्ति*

लड्केश्वरलाई ठूलो धार्मिक गन्तव्य बनाउन सकिन्छ कि सकिँदैन भन्ने प्रश्नभन्दा पनि यसको मौलिकता कसरी जोगाएर यसको पहिचान फराकिलो बनाउने भन्ने प्रश्न अहिले बढी महत्वपूर्ण छ। यहाँको शक्ति ठूलो संरचनामा भन्दा स्थानीय मानिसले जोगाएर ल्याएको कथामा छ। खोलाको आवाज, गुफाभित्रको शिवलिङ्ग, चट्टानसँग जोडिएका विश्वास, एकादशीको मेला र पुस्तौँदेखि चलिआएको पूजा–यी सबै मिलेर लड्केश्वरको पहिचान बनेको छ।

पनौतीको धार्मिक नक्सामा इन्द्रेश्वर, धनेश्वरलगायत स्थापित तीर्थहरू चर्चित छन्। त्यसै वृत्तमा लड्केश्वरले भने ग्रामीण भूगोल र प्रकृतिसँग जोडिएको आफ्नै अलग परिचय बनाएको छ। पनौती नगरको समग्र धार्मिक तथा सांस्कृतिक सम्पदालाई एउटै पर्यटन मार्गमा जोड्न सके लड्केश्वर पनि त्यसको महत्वपूर्ण कडी बन्न सक्छ। नगरपालिकाले पनि आफ्नो सांस्कृतिक विविधता र विभिन्न जात्रा-पर्वलाई पनौतीको पहिचानको आधार मानेको छ।

अन्ततः लड्केश्वरको कथा प्रमाणित इतिहास र लोककथाको सीमारेखामाथि उभिएको कथा हो। यहाँ सुनाइने प्रत्येक प्रसंगलाई ऐतिहासिक तथ्य मान्नुपर्छ भन्ने होइन; तर ती कथाले स्थानीय समाजले आफ्नो भूगोललाई कसरी अर्थ दिएको छ भन्ने कुरा भने स्पष्ट पार्छन्। त्यसैले लड्केश्वरलाई केवल एउटा पुरानो शिवमन्दिर भनेर बुझ्नु यसको वास्तविक परिचयलाई सानो बनाउनु हुनेछ। यो प्रकृति, धार्मिक विश्वास, लोकस्मृति र ग्रामीण जीवन एकै ठाउँमा भेटिने पनौतीको एउटा जीवित सम्पदा हो। त्यसलाई प्रचारभन्दा पहिले संरक्षण, संरचनाभन्दा पहिले मौलिकता र पर्यटनभन्दा पहिले स्थानीय सहभागितासँग जोड्न सकियो भने लड्केश्वरको यात्रा अझ लामो र अर्थपूर्ण बन्न सक्छ।

## साहित्यकार दाहाललाई 'महाकाव्य साधना सम्मान'

काठमाडौं/ शब्दलाई साधना, सिर्जनालाई जीवनदर्शन र साहित्यलाई समाजको ऐना बनाउँदै नेपाली वाङ्मयको यात्रामा निरन्तर सक्रिय वरिष्ठ साहित्यकार तथा महाकाव्यकार खेमनाथ दाहाललाई फेरि सम्मान मिलेको छ। काठमाडौंमा हालै सम्पन्न 'यमन ग्लोबल म्युजिक अवार्ड-२०८३' मा 'महाकाव्य साधना सम्मान' द्वारा उहाँलाई सम्मान गरिएको हो।



साहित्य, संस्कृति, दर्शन र मानवीय संवेदनाका विविध रंगलाई सिर्जनाको क्यानभासमा उतार्दै नेपाली साहित्यको समृद्धिमा पुर्‍याएको योगदानको कदरस्वरूप दाहाललाई उक्त सम्मान प्रदान गरिएको आयोजकले जनाएको छ। समारोहमा प्रदान गरिएको सम्मानपत्रमा दाहालले जीवन, समाज, संस्कृति, दर्शन र मानवीय संवेदनाका बहुआयामिक पक्षलाई आफ्ना सिर्जनामा अभिव्यक्त गर्दै गहन चिन्तन, साहित्यिक साधना र सृजनात्मक कर्ममार्फत नेपाली साहित्यलाई समृद्ध बनाउँदै आएको उल्लेख छ। विशेषतः महाकाव्य लेखनमा पुर्‍याएको विशिष्ट योगदानको सम्मानस्वरूप उहाँलाई 'महाकाव्य साधना सम्मान' प्रदान गरिएको जनाइएको छ।

साहित्यको गहिराइ र संगीतको माधुर्य एकै थलोमा भेटिएको समारोहमा विभिन्न विधाका उत्कृष्ट स्रष्टा-सर्जकलाई समेत सम्मान तथा अवार्ड प्रदान गरिएको बताइएको छ। सम्बाहाम्फे प्रपर्टी डेभलपर्स प्रा.लि.का अध्यक्ष पूर्णबहादुर सम्बाहाम्फेको प्रमुख आतिथ्यतामा सम्पन्न समारोहमा सुष्मा प्रोडक्सन ग्लोबल, सिक्किमकी सञ्चालक सुष्मा गुरुङ विशेष अतिथिका रूपमा सहभागी हुनुहुन्थ्यो। सो अवसरमा वरिष्ठ गायिका तारा थापालाई पनि 'दीर्घसाधना सम्मान' प्रदान गरिएको थियो।

दाहालका सिर्जनामा जीवनका अनुभूति मात्र होइनन्, समाजका आरोह-अवरोह, संस्कृतिका जरा, दर्शनका प्रश्न र मानवीय संवेदनाका कम्पनहरू पनि भेटिन्छन्। उहाँका प्रकाशित कृतिहरूले नेपाली साहित्यमा उहाँको बहुआयामिक स्रष्टा व्यक्तित्वलाई स्थापित गरेका छन्। उहाँका 'श्रद्धाञ्जलि' कवितासंग्रह, 'रश्मी' खण्डकाव्य, 'योद्धा' काव्य, 'हावर्डको चौतारीमा' कवितासंग्रह, 'श्वेतपत्र' महाकाव्य, 'म त बन्दी भएको छु' कवितासंग्रह, 'यात्राको सिकिर्नी' नियात्रा, 'अहोरात्र' उपन्यास तथा 'सिर्जनामा दृष्टि' भूमिका लेखनसंग्रह प्रकाशित छन्।

उहाँका सिर्जना र व्यक्तित्वमाथि पनि विभिन्न कृति प्रकाशित भएका छन्। 'नव छायाँवादको छवि', 'खेमनाथ दाहाल : सिर्जना र मूल्यांकन' तथा 'समालोचना वृत्तमा खेमनाथ दाहाल' जस्ता कृतिले उहाँको साहित्यिक यात्रालाई विभिन्न कोणबाट मूल्यांकन गरेका छन्। 'मिलाप', 'जनमत', 'बगर'लगायतका पत्रिकामा उहाँको कभर स्टोरीसमेत प्रकाशित छन्।

दाहालको साहित्यिक संसार पुस्तकका पानामा मात्र सीमित छैन। उहाँका काव्यिक भाव, चेतना र संवेदनाले संगीतको लयसमेत समातेका छन्। उहाँको गीति एल्बम 'जागृति' साहित्य, संगीत र संस्कृतिको सुन्दर संगमका रूपमा श्रोता तथा दर्शकमाझ आएको छ।

'श्वेतपत्र' महाकाव्य र 'योद्धा' काव्यबाट साभार गरिएका गीतहरू समेटिएको 'जागृति'मा 'बुद्धको देश नेपाल', 'लालीगुराँसको साटो', 'बित्छ बिहान आमाको', 'फुल्छ बागमा फूल' र 'गाउँछौ अब लौ आमाका गीत' जस्ता गीत समावेश छन्। एल्बमका 'बुद्धको देश नेपाल', 'लालीगुराँसको साटो' र 'फुल्छ बागमा फूल' मा कीर्तिमानी संगीतकार तथा गायक सन्तोष श्रेष्ठको श्वर रहेको छ भने 'बित्छ बिहान आमाको' मा ज्ञानु राणा र 'गाउँछौँ अब लौ आमाका गीत' मा रमेश पाठकको श्वर सुन्न सकिन्छ। एल्बमका सबै गीतमा सन्तोष श्रेष्ठकै संगीत रहेको छ।

शब्दमा संवेदना, भावमा दर्शन र सिर्जनामा समाजको धड्कन बोकेर साहित्यिक यात्रामा अघि बढिरहनु भएका दाहालका लागि 'महाकाव्य साधना सम्मान' केवल एउटा सम्मानपत्र होइन, दीर्घ साहित्यिक साधनाले कमाएको सिर्जनात्मक स्वीकृतिको एउटा अर्थपूर्ण हस्ताक्षर बनेको छ।









कौशल कुमार भट्टराई कृष्ण लम्साल पिएमणि भट्टराई हरि शरण जमकटेल गम्भीर ब. हाडा

लोकतन्त्रप्रति पूर्ण समर्पित
साप्ताहिक
नयाँ विमर्श
Naya Bimarsha Weekly

प्रधान–सम्पादक/प्रकाशक : कौशल कुमार भट्टराई (९८५११३८२३७)
सम्पादक : कृष्ण लम्साल (९८५१३२२६३२, ९८४१३५१३५६)
कार्यकारी सम्पादक : पिएमणि भट्टराई (९८४३१०९६२०)
वरिष्ठ संवाददाता: आर. अर्याल
अन्तर्राष्ट्रिय समाचार संयोजक: एस. भट्टराई
सल्लाहकार: सह–प्राध्यापक गम्भीर बहादुर हाडा
कानूनी सल्लाहकार : अधिवक्ता हरि शरण जमकटेल
आई.टी.प्रमुख: स्पन्दन भट्टराई
प्रधान कार्यालय : मध्यपुर थिमी–३, भक्तपुर
काठमाडौं–कार्यालय : बबरमहल, काठमाडौं, फोन: ०१–४२६७०६४
इमेल : nayabimarsha@gmail.com
मुद्रण : सप्तर्षि पब्लिकेशन प्रा.लि., मित्रपार्क, काठमाडौं

## मननीय कुरा

**"तपाईंले संसारमा देख्न चाहेको परिवर्तन आफैंबाट शुरु गर्नुहोस्।"** – महात्मा गान्धी

**"समय सीमित छ, त्यसैले अरूको जीवन बाँचेर यसलाई खेर नफाल्नुहोस्।"** – स्टिभ जब्स

**"शिक्षा संसार परिवर्तन गर्न प्रयोग गर्न सकिने सबैभन्दा शक्तिशाली हतियार हो।"** – नेल्सन मण्डेला

**"हामीले सामना गर्ने सबैभन्दा ठूलो समस्या समस्या आफैं होइन, त्यसप्रतिको हाम्रो सोच हो।"** – स्टिफन हकिङ

**"सपना त्यो होइन जुन निदाउँदा देखिन्छ; सपना त्यो हो जसले तपाईंलाई निदाउन दिँदैन।"** – ए.पी.जे. अब्दुल कलाम

## सम्पादकीय

# दशैंको मुखमा महंगीको मार

दशैं नेपाली समाजको केवल एउटा पर्व होइन, परिवार, आफन्त र आत्मीयतासँग जोडिएको ठूलो सामाजिक उत्सव हो। वर्षभरि दुःख गरेर कमाएको आम्दानीबाट केही खुसी किन्ने, घरमा मिठोमसिनो पकाउने, नयाँ लुगा लगाउने र परदेशमा रहेका आफन्तसमेत घर फर्किएर रमाउने अपेक्षा यस पर्वसँग जोडिएको हुन्छ। यस पटक दशैंको मुखमा बजारमा देखिएको महंगीले आम उपभोक्ताको उत्साहमा नै चिसोपन ल्याएको छ। दैनिक उपभोगका खाद्यान्नदेखि तरकारी, फलफूल, लत्ताकपडा, यातायात र अन्य आवश्यक वस्तुको मूल्य बढ्दा सीमित आम्दानी भएका परिवारलाई दशैं मनाउनु नै थप आर्थिक बोझ बन्न थालेको छ। बजारमा मूल्य बढ्नुका पछाडि उत्पादन, ढुवानी, मौसमी माग, आयात तथा अन्तर्राष्ट्रिय बजारलगायतका स्वाभाविक कारण हुन सक्छन्। ती कारणलाई देखाएर व्यापारी तहमा हुने अस्वाभाविक मूल्यवृद्धि, कृत्रिम अभाव र कालोबजारीलाई राज्यले छुट दिन मिल्दैन। दशैंजस्तो उपभोग बढ्ने समयमा बजार अनुगमन प्रभावकारी हुन नसक्दा त्यसको प्रत्यक्ष असर उपभोक्ताको भान्सासम्म पुगेको छ। अझ ठूलो चिन्ताको विषय त के हो भने सरकार परिवर्तनसँगै जनताले नयाँ आशा र नयाँ शैलीको अपेक्षा गरेका थिए। बालेन्द्र शाह (बालेन) नेतृत्वको वर्तमान सरकारप्रति पनि नागरिकले पुराना समस्याको नयाँ ढंगले समाधान खोज्ने अपेक्षा राखेका छन्। जनताको दैनिक जीवनसँग जोडिएको बजार मूल्य नियन्त्रणमै सरकार कमजोर देखिन थाल्यो भने त्यसले आशालाई निराशामा बदल्न सक्छ।

सरकारको लोकप्रियता ठूला राजनीतिक घोषणा, भाषण वा सामाजिक सञ्जालमा देखिने सक्रियताले मात्र निर्धारण हुँदैन। आम नागरिकले आफ्नो घरको चुलो, बजारको झोला र मासिक खर्चमा सरकारको उपस्थिति महसुस गर्न सक्नुपर्छ। दशैंको मुखमा बजार भाउ नियन्त्रण गर्न नसक्नु केवल उपभोक्ताको आर्थिक समस्यासँग जोडिएको विषय होइन, राज्यको नियमनकारी भूमिकामाथिको प्रश्न पनि हो। बजारलाई पूर्ण रूपमा खुला छाडेर मूल्य निर्धारणको जिम्मा व्यापारी र माग-आपूर्तिको समीकरणलाई मात्र दिन सकिँदैन। उपभोक्ताको हित संरक्षण गर्ने दायित्व सरकारकै हो। त्यसका लागि अनुगमन देखावटी नभई परिणाममुखी हुनुपर्छ। थोक र खुद्रा बजारमा मूल्यको अन्तर, कृत्रिम अभाव, अस्वाभाविक नाफा, म्याद गुज्रिएका बस्तु, तौलमा हुने ठगी र बिलबिना हुने कारोबारमाथि कडाइ आवश्यक छ। सरकारले सम्बन्धित निकायलाई सक्रिय बनाएर बजारको वास्तविक अवस्था सार्वजनिक गर्नुपर्छ। अत्यावश्यक बस्तुको आपूर्ति सहज बनाउने, ढुवानी लागत र बिचौलियाको प्रभाव घटाउने तथा उपभोक्तालाई मूल्यसम्बन्धी सही सूचना उपलब्ध गराउने काम पनि उत्तिकै आवश्यक छ। दशैंको अवसरमा राहतका नाममा क्षणिक छुट वा केही स्थानमा गरिने औपचारिक अनुगमनभन्दा वर्षभरि चल्ने प्रभावकारी बजार नियमनको आवश्यकता छ। सरकार जनतासँग जोडिएको छ भन्ने अनुभूति भाषणबाट होइन, महंगीको चापमा परेको परिवारको खर्च केही सहज बनाउने ठोस कामबाट देखिनुपर्छ।

अहिलेको अवस्थामा सरकारसँग जनताको अपेक्षा अस्वाभाविक रूपमा ठूलो पनि छैन। नागरिकले महंगीलाई रातारात समाप्त गरिदेओस् भन्ने होइन; कम्तीमा राज्य आफ्नो पक्षमा उभिएको महसुस गर्न चाहेका हुन्। दशैंको मुखमा आम्दानी उस्तै रहँदा खर्च निरन्तर बढ्नुले मध्यम तथा न्यून आय भएका परिवारलाई सबैभन्दा बढी असर पार्छ। यसले पर्वको खुशीलाई ऋण र चिन्तासँग जोड्ने जोखिम बढाउँछ। त्यसैले सरकारका लागि यो समय जनताको विश्वास जाँचिने अवसर पनि हो। बजारमा हस्तक्षेप गर्दा व्यवसायीलाई शत्रु ठान्ने होइन, स्वस्थ व्यापार र उचित नाफाको वातावरण कायम गर्दै उपभोक्तामाथिको अनुचित भार रोक्ने नीति आवश्यक छ। मूल्य नियन्त्रणका नाममा क्षणिक प्रचार होइन, उत्पादनदेखि उपभोक्तासम्मको आपूर्ति शृंखलामा रहेका कमजोरी पहिचान गरेर दीर्घकालीन समाधान खोजिनुपर्छ। बालेन नेतृत्वको सरकारले परिवर्तनको आशा बोकेका नागरिकलाई निराश हुन नदिन यस्ता आधारभूत विषयमा तत्काल ध्यान दिन जरुरी छ। दशैंको उज्यालो हरेक घरमा समान रूपमा पुग्न नसके पनि कम्तीमा महंगीका कारण कसैको चुलो निभ्ने अवस्था नआओस् भन्ने सुनिश्चित गर्नु सरकारको न्यूनतम जिम्मेवारी हो। जनताको दैनिक पीडा बुझ्ने, बजारलाई जवाफदेही बनाउने र उपभोक्ताको हितलाई प्राथमिकतामा राख्ने कामबाट मात्रै वर्तमान सरकारले आफूलाई विगतभन्दा फरक सावित गर्न सक्छ।

# कोरियाको एउटा कोठाबाट सम्झिँदा मेरो गाउँ

**विपिन पोखरेल**

कोरिया जाने सपना मैले पहिलोपटक देख्दा मेरो खल्तीमा दुई सय रुपियाँ पनि थिएन। गाउँमा भएको सानो खेतले वर्षभरि खान पुग्ने अन्न त दिन्थ्यो, तर घरमा बिरामी आमाको औषधि, छोराछोरीको पढाइ र बुबाले छाडेर जानुभएको ऋणको हिसाब मिलाउन त्यो खेतले सक्दैनथ्यो। गाउँका केही दाजुभाइ कोरिया गएर फर्किएका थिए। उनीहरूका हातमा मोबाइल, घरमा नयाँ छानो र बैंकमा बचत देख्दा मलाई पनि लाग्थ्यो–"सायद मेरो जीवन बदल्ने बाटो पनि त्यतै होला।" कोरिया जाने मुख्य आकर्षण राम्रो कमाइ नै हुने गरेको अध्ययनहरूले पनि देखाएका छन्।

त्यसपछि शुरु भयो मेरो अर्को संघर्ष। कोरियन भाषा सिक्न काठमाडौं धाएँ। बिहानदेखि साँझसम्म कक्षामा बस्ने, राति सस्तो कोठामा फर्केर शब्द घोक्ने र अर्को दिन फेरि त्यही क्रम। भाषा परीक्षाको फाराम भर्दा पनि मनमा डर थियो कि यति धेरै मानिसमध्ये मेरो नाम निस्केला त? परीक्षा दिएँ। नतिजाको दिन मोबाइलको स्क्रिनमा आफ्नो नम्बर देख्दा म केही बेर त बोल्नै सकिनँ। त्यस दिन मलाई संसार जितेजस्तो लाग्यो। त्यो त कोरिया जाने यात्राको पहिलो ढोका मात्र रहेछ। स्वास्थ्य परीक्षण, कागजपत्र, रोजगार प्रक्रियाको प्रतीक्षा र अन्ततः उडानको दिन आउँदासम्म मैले कति रात निद्रा नलागी बिताएँ, त्यसको हिसाब छैन। नेपाल-कोरिया रोजगारीको यो प्रक्रिया सरकार-सरकारबीचको ईपीएस प्रणालीअन्तर्गत सञ्चालन हुँदै आएको छ।

घरबाट विमानस्थलतिर हिँड्ने दिन भने मेरो जीवनकै सबैभन्दा अनौठो दिन थियो। श्रीमतीले बाटोभरि केही बोलिनन्। छोरोले "बाबा, कति दिनमा फर्किनुहुन्छ ?" भनेर सोधिरह्यो। मैले हाँस्दै भनेँ, "छिट्टै आउँछु।" वास्तवमा कति समय लाग्छ भन्ने मलाई पनि थाहा थिएन। विमानस्थलमा पुगेपछि आमाको अनुहार सम्झिएँ। उहाँले मेरो हात समातेर "धेरै दुःख नगर्नू" भन्नुभएको थियो। त्यो एउटा वाक्यले विमान उड्दासम्म मेरो कान छोडेन।

कोरिया पुगेपछि मैले कल्पना गरेको संसार र वास्तविक संसारबीच ठूलो दूरी रहेछ। सफा सडक, अग्ला भवन, समयको कठोर पालना र अत्यन्त व्यवस्थित देखिने समाजले शुरुमा मलाई चकित बनायो। केही दिनमै मैले बुझें कि सुन्दर शहर हेर्न आउने पर्यटक र काम गर्न आउने मजदुरको कोरिया एउटै हुँदैन। म एउटा परिवारको घरायसी काममा खटिन थालेँ। बिहान सबेरै उठेर भान्सा मिलाउने, खाना तयार पार्ने, घर सफा गर्ने, लुगा धुने, बजारबाट सामान ल्याउने, कहिलेकाहीँ वृद्ध सदस्यको हेरचाह गर्ने र दिनभरि घरका साना-ठूला काममा व्यस्त रहनु मेरो दिनचर्या बन्यो।

घरायसी कामको एउटा अनौठो पक्ष के रहेछ भने कामको समय घडीले होइन, घरका मानिसको आवश्यकताले निर्धारण गर्ने रहेछ। कारखानामा काम गर्ने साथीहरूलाई सिफ्ट सकिएपछि आफ्नो समय मिल्थ्यो। मेरो हकमा भने बिहान सुरु भएको काम साँझसम्म घरको आवश्यकताअनुसार तन्किन्थ्यो। कहिलेकाहीँ शरीरले आराम खोजिरहेको हुन्थ्यो, तर मनले भन्थ्यो–"अझै केही काम बाँकी छ।" परदेशमा आफ्नो थकानलाई आफैंसँग लुकाएर राख्नुपर्ने रहेछ।

शुरुका दिनमा भाषाले झन् अप्ठ्यारो बनायो। घरधनीले भनेको सबै कुरा बुझिँदैनथ्यो। एउटा शब्द गलत बुझ्दा काम बिग्रिन्थ्यो। कहिलेकाहीँ सामान्य गल्तीमा पनि गाली खानुपर्थ्यो। म चुपचाप सुनिरहन्थेँ। नेपालमा भए मन दुखेको कुरा साथीलाई सुनाउन सकिन्थ्यो, गाउँको चिया पसलमा गएर केहीबेर हाँस्न सकिन्थ्यो। यहाँ भने मन भारी भए पनि आफ्नै कोठामा फर्केर मोबाइल हेर्दै बस्नुबाहेक विकल्प हुँदैनथ्यो। सबैभन्दा ठूलो पीडा कामको होइन, घरको दूरीको थियो।

नेपालमा बिहान घाम लाग्दा मेरी श्रीमतीले आँगन बढारिरहेकी हुन्थिन् होला। छोराछोरी विद्यालय जाने तयारी गर्दै होलान्। आमा औषधि खाएर घाम तापिरहनुभएको होला। म भने हजारौँ किलोमिटर टाढा अर्काको घरको झ्यालबाट बाहिर हेर्दै उनीहरूलाई सम्झिरहेको हुन्थेँ। मोबाइलमा भिडियो कल गर्दा घर देखिन्थ्यो, तर त्यो घरको गन्ध आउँदैनथ्यो। आमाको हात समात्न पाइँदैनथ्यो। छोराको टाउको मुसार्न पाइँदैनथ्यो। श्रीमती थाकेर बसेकी बेला उनको छेउमा गएर "आज धेरै काम भयो ?" भनेर सोध्न सकिँदैनथ्यो।

कहिलेकाहीँ भिडियो कलमै छोरोले स्कुलको कुरा सुनाउँथ्यो। म ध्यान दिएर सुनेजस्तो गर्थें, तर उसको आवाजभित्र आफूले गुमाइरहेको बाल्यकालको धेरै हिस्सा सुनिरहेको हुन्थेँ। उसले पहिलोपटक राम्रो अंक ल्याएको दिन म साथमा थिइनँ। छोरीको जन्मदिनमा केक काट्दा म मोबाइलको स्क्रिनभित्र थिएँ। बुबाको पुण्यतिथिमा गाउँमा सबै जम्मा हुँदा म अर्काको घरमा भाँडा माझिरहेको थिएँ। परदेशले पैसा कमाउने अवसर त दियो, तर समय किनेर दिन सकेन।

यही पीडाबीच प्रत्येक महिनाको तलब आउने दिन भने मेरो मनमा एउटा छुट्टै उज्यालो आउँथ्यो। मोबाइल बैंकिङबाट पैसा नेपाल पठाउँदा मलाई लाग्थ्यो कि आज मैले फेरि घरको एउटा समस्या टारेँ। छोराको विद्यालय शुल्क तिरियो होला। आमाको औषधि किनियो होला। ऋणको किस्ता बुझाइयो होला। श्रीमतीले घरखर्च चलाउन केही पैसा छुट्ट्याइन् होला। मेरो पसिनाको मूल्य नोट बनेर नेपाल पुगेको कल्पना गर्दा थकान केही हलुका हुन्थ्यो।

कोरियामा कमाएको पैसा मेरो मात्र थिएन। त्यसमा आमाको औषधि थियो, छोराको किताब थियो, श्रीमतीको आशा थियो, घरको छानो थियो र भविष्यप्रतिको एउटा सानो भरोसा थियो। त्यसैले कहिलेकाहीँ तलब हातमा पर्दा म आफूलाई धनी सम्झन्थेँ, यद्यपि मेरो आफ्नै खल्तीमा खर्च गर्ने समय र इच्छा दुवै कम हुन्थे।

कोरियामा मैले धेरै नेपाली भेटेँ। कोही कारखानामा, कोही कृषि क्षेत्रमा, कोही अन्य कठिन काममा। भेट हुँदा हामी सबैभन्दा पहिले सोध्थ्यौँ–"कस्तो छ काम ?" जवाफ प्रायः एउटै हुन्थ्यो– "चलिरहेको छ।" त्यो 'चलिरहेको छ' भित्र कति थकान, कति सम्झना र कति बाध्यता लुकेको छ भन्ने हामी एकअर्कालै बुझ्थ्यौँ। कोरियामा नेपाली श्रमिकको संख्या ठूलो छ र उनीहरूले विभिन्न क्षेत्रमा काम गरिरहेका छन्।

कहिलेकाहीँ साथीहरूबीच कुरा हुन्थ्यो– "यति दुःख गरेर आखिर के पाइयो ?" कसैले घर बनाएको थियो, कसैले जग्गा किनेको थियो, कसैले छोराछोरी पढाइरहेको थियो। कसैले नेपाल फर्केर व्यवसाय गर्ने योजना बनाइरहेको थियो। अध्ययनहरूले पनि विदेशबाट फर्किएका नेपालीका लागि कमाइबाट भएको बचत नै धेरै महत्वपूर्ण सम्पत्ति बन्ने गरेको देखाएका छन्।

पैसा मात्रै विदेशको हिसाब होइन रहेछ। यहाँ आएपछि मैले समयको मूल्य बुझें। परिवारसँग बसेर साधारण खाना खानु पनि कति ठूलो सुख रहेछ भन्ने थाहा पाएँ। आमाले गाली गरेको, श्रीमतीले सानो कुरामा रिसाएको, छोराले जिद्दी गरेको कुरा नेपालमा सामान्य लाग्ने यी सबै कुरा यहाँ आएपछि सम्झनाका बहुमूल्य बस्तु बने।

मलाई कहिलेकाहीँ लाग्छ, विदेश जाने मानिसलाई गाउँमा बस्नेहरूले कमाइको हिसाबले मात्र हेर्छन्। "कोरियामा त राम्रो कमाइ हुन्छ" भन्ने कुरा सजिलै सुनिन्छ। त्यो कमाइसम्म पुग्नुअघि एउटा मानिसले आफ्नो घर, आफ्नो भाषा, आफ्नो सहज जीवन र आफ्ना प्रियजनसँगको दैनिक सम्बन्धको ठूलो हिस्सा छाडेको हुन्छ। दक्षिण कोरियामा नेपाली कामदारले अपेक्षा गरेभन्दा कठिन काम, लामो समय र मानसिक दबाब भोग्ने अवस्थाबारे विभिन्न अध्ययनले पनि उल्लेख गरेका छन्।

आज कोरियाको एउटा सानो कोठामा बसेर नेपाल सम्झिँदा मलाई आफ्नो निर्णयप्रति पछुतो छैन किनकि मैले यहाँबाट केही पैसा मात्र कमाएको छैन, आफूलाई पनि चिनेको छु। दुःख सहने क्षमता कति रहेछ भन्ने थाहा पाएको छु। परिवारको महत्व बुझेको छु। श्रमको सम्मान बुझेको छु। सबैभन्दा ठूलो कुरा के भने घर भनेको चारवटा भित्ताले बनेको ठाउँ मात्र होइन रहेछ भन्ने सिकेको छु।

अब मेरो एउटै सपना छ कि जति कमाउन आएको हुँ, सकेसम्म इमानदारीपूर्वक कमाऊँ, केही बचाऊँ र एक दिन आफ्नै गाउँ फर्किऊँ। त्यो दिन विमानस्थलमा मलाई लिन श्रीमती र छोराछोरी आउन्। यसपटक छोरोले "बाबा, कति दिनमा फर्किनुहुन्छ ?" भनेर नसोधोस्। बरु म उसलाई अँगालो हालेर भन्न सकूँ– "अब कतै जानुपर्दैन, छोरा, म घर फर्किएँ।"

त्यो दिनका लागि आज पनि म अर्काको घरमा बिहान सबेरै उठ्छु, काम गर्छु, थाक्छु, कहिलेकाहीँ एक्लै रुन्छु र फेरि भोलिपल्ट उठ्छु किनकि मेरो आँखाअगाडि कोरियाको चम्किलो शहरभन्दा टाढा एउटा सानो नेपाली घर छ जहाँ मेरो प्रतीक्षामा केही मानिसहरू छन्। मेरो परदेशी जीवनको वास्तविक कमाइ शायद त्यही प्रतीक्षा हो।

# वैदेशिक रोजगारीमा जानुअघि जान्नैपर्ने कुरा

**गणेश बहादुर थापा**

नेपालमा रोजगारीका पर्याप्त अवसर नहुँदा हजारौं युवा प्रत्येक वर्ष वैदेशिक रोजगारीका लागि विभिन्न मुलुक पुगिरहेका छन्। परिवारको आर्थिक अवस्था सुधार्ने, ऋण तिर्ने, घरजग्गा जोड्ने, छोराछोरीको शिक्षा सुनिश्चित गर्ने र भविष्यका लागि केही बचत गर्ने उद्देश्यले विदेश जानेहरूको संख्या ठूलो छ। वैदेशिक रोजगारीले धेरै परिवारको जीवनस्तर उकास्न सहयोग पनि गरेको छ। विदेशमा पुगेपछि मात्र वास्तविकता बुझ्ने, सम्झौताभन्दा फरक काम पाउने, अपेक्षाअनुसार तलब नपाउने वा अनावश्यक ऋणको बोझमा पर्ने समस्या पनि देखिन्छ। त्यसैले विदेश जानुअघि नै पर्याप्त जानकारी र तयारी गर्नु अत्यन्त आवश्यक हुन्छ।

*काम र रोजगारदाता*

विदेश जाने निर्णय गर्नुअघि आफू कुन देशमा, कुन कम्पनीमा र कस्तो कामका लागि जान लागेको हो भन्ने कुरा स्पष्ट हुनुपर्छ। कामको प्रकृति, कार्यस्थल, तलब, काम गर्ने समय, ओभरटाइम, बिदा, बस्ने व्यवस्था, खाना, स्वास्थ्य सुविधा तथा करार अवधि जस्ता विषयमा जानकारी लिनुपर्छ। कसैले 'विदेश पुगेपछि राम्रो काम मिलाइदिन्छु' वा 'सोचेभन्दा धेरै कमाइ हुन्छ' भनेकै भरमा विश्वास गर्नु हुँदैन। आफूलाई प्रस्ताव गरिएको रोजगारी वास्तविक हो कि होइन भन्ने कुरा आधिकारिक माध्यमबाट जाँच गर्नु आवश्यक हुन्छ।

*बुझेर मात्र हस्ताक्षर*

वैदेशिक रोजगारीमा जाने व्यक्तिका लागि रोजगार सम्झौता अत्यन्त महत्वपूर्ण दस्तावेज हो। त्यसमा उल्लेख भएका प्रत्येक विषय ध्यानपूर्वक पढ्नुपर्छ। तलब कति हो, कुन मुद्रामा पाइन्छ, कति घण्टा काम गर्नुपर्ने हो, अतिरिक्त समय काम गर्दा कस्तो पारिश्रमिक पाइन्छ, आवास र खानाको व्यवस्था कसको जिम्मेवारी हो भन्ने कुरा स्पष्ट हुनुपर्छ।

नेपालमा भनिएको काम र विदेश पुगेपछि दिइने काम एउटै छ कि छैन भन्ने कुरा पनि महत्वपूर्ण हुन्छ। सम्झौताको प्रतिलिपि आफूले राख्ने र परिवारका विश्वसनीय सदस्यलाई पनि उपलब्ध गराउने बानी बसाल्नुपर्छ।

*आश्वासनबाट सावधान*

वैदेशिक रोजगारीका क्रममा सबैभन्दा बढी समस्या अनधिकृत बिचौलिया र झुटा आश्वासनका कारण उत्पन्न हुन सक्छ। सामाजिक सञ्जाल वा चिनजानका व्यक्तिमार्फत आएको रोजगारीको प्रस्तावलाई पनि प्रमाणित नगरी विश्वास गर्नु हुँदैन। 'छिट्टै पठाइदिन्छु', 'कागजको आवश्यकता पर्दैन', 'विदेश पुगेपछि काम र तलब परिवर्तन हुन्छ' जस्ता आश्वासनले भविष्यमा समस्या निम्त्याउन सक्छन्।

कुनै पनि रकम बुझाउँदा आधिकारिक रसिद लिनुपर्छ। ठूलो रकम नगदमा बुझाएर प्रमाणविहीन बन्नुभन्दा कानूनी र प्रमाणित माध्यम प्रयोग गर्नु सुरक्षित हुन्छ।

*ऋणसँगै भविष्यको हिसाब*

विदेश जान धेरैले घरजग्गा धितो राखेर वा चर्को ब्याजमा ऋण लिने गरेका हुन्छन्। त्यसैले विदेशबाट हुने सम्भावित आम्दानी र ऋणको भारबीच सन्तुलन मिलाउनुपर्छ। विदेश गएपछि शुरुवाती महिनामै ठूलो रकम घर पठाउन नसकिने अवस्था पनि आउन सक्छ। त्यसैले ऋण तिर्ने, घरखर्च चलाउने र बचत गर्ने योजना पहिले नै बनाउनुपर्छ।

विदेशबाट आएको पैसा केवल उपभोगमा खर्च गर्नुको सट्टा ऋण घटाउने, बचत गर्ने, सीप विकास गर्ने वा आय सिर्जना गर्ने क्षेत्रमा लगानी गर्ने सोच बनाउनु दीर्घकालीन रूपमा उपयोगी हुन्छ।

*कागजातको सुरक्षा*

राहदानी, भिसा, श्रम स्वीकृति, रोजगार सम्झौता, बीमा, स्वास्थ्य परीक्षणका कागजात तथा अन्य महत्वपूर्ण प्रमाणपत्र सुरक्षित राख्नुपर्छ। सबै कागजातको डिजिटल प्रतिलिपि फोन वा सुरक्षित अनलाइन भण्डारणमा राख्नु पनि उपयोगी हुन्छ। परिवारलाई पनि आफ्नो पासपोर्ट नम्बर, कम्पनीको नाम, कार्यस्थल, बस्ने स्थान र सम्पर्क विवरणबारे जानकारी दिनुपर्छ।

राहदानी वा अन्य महत्वपूर्ण कागजात अनावश्यक रूपमा अरूको जिम्मामा छाड्नु हुँदैन। कुनै समस्या आइपरेमा सम्बन्धित नेपाली दूतावास, नियोग वा सम्बन्धित आधिकारिक निकायमा कसरी सम्पर्क गर्ने भन्ने जानकारी पनि पहिले नै लिनुपर्छ।

*भाषा र कानून*

विदेशमा काम गर्न जाँदा सामान्य भाषा ज्ञानले धेरै समस्या समाधान गर्न सक्छ। कार्यस्थलमा प्रयोग हुने सामान्य शब्द, निर्देशन र सुरक्षा संकेत बुझ्न सक्ने गरी तयारी गर्नु राम्रो हुन्छ। त्यस्तै, आफू जाने देशको श्रम कानून, स्थानीय नियम, सामाजिक व्यवहार र निषेधित गतिविधिबारे सामान्य जानकारी लिनुपर्छ।

'नेपालमा सामान्य मानिने कुरा विदेशमा पनि सामान्य हुन्छ' भन्ने सोच राख्नु हुँदैन। स्थानीय कानून उल्लङ्घन गर्दा कानूनी कारबाही, जरिवाना वा अन्य गम्भीर समस्या आउन सक्छ।

*स्वास्थ्य र सुरक्षा*

विदेशमा पुगेपछि धेरै घण्टा काम गर्नुपर्ने हुन सक्छ। त्यसैले आफ्नो स्वास्थ्यलाई बेवास्ता गर्नु हुँदैन। कामको प्रकृतिअनुसार सुरक्षा सामग्री प्रयोग गर्ने, जोखिमपूर्ण अवस्थामा सावधानी अपनाउने र समस्या देखिएमा रोजगारदाता वा सम्बन्धित निकायलाई जानकारी गराउने गर्नुपर्छ। दुर्घटना वा स्वास्थ्य समस्या हुँदा उपचार र बीमासम्बन्धी आफ्नो अधिकारबारे पनि जानकारी हुनुपर्छ।

त्यस्तै, मानसिक रूपमा पनि विदेश बसाइका लागि तयार हुनुपर्छ। परिवारबाट टाढा हुँदा एक्लोपन, घरको सम्झना, कामको दबाब र नयाँ वातावरणसँग घुलमिल हुन कठिनाइ हुन सक्छ। यस्तो अवस्थामा परिवार तथा विश्वासिला व्यक्तिसँग नियमित सम्पर्कमा रहनु उपयोगी हुन्छ।

*योजना बनाउनुहोस्*

विदेश जानुअघि आपत्कालीन सम्पर्क नम्बरहरू सुरक्षित राख्नु राम्रो हुन्छ। परिवारका सदस्य, रोजगारदाता, सहकर्मी, नेपाली दूतावास वा सम्बन्धित निकायको सम्पर्क विवरण आफू र परिवार दुवैसँग हुनु आवश्यक छ। कार्यस्थलमा दुर्घटना, तलब नपाउने, करारविपरीत काम लगाउने, कागजातसम्बन्धी समस्या वा अन्य गम्भीर अवस्था आएमा कहाँ उजुरी गर्ने भन्ने जानकारी पनि पहिले नै लिनुपर्छ।

अन्ततः, वैदेशिक रोजगारीलाई केवल विदेश जाने र पैसा कमाउने अवसरका रूपमा मात्र हेर्नु हुँदैन। यो आफ्नो श्रम, समय, पैसा र भविष्यसँग जोडिएको महत्वपूर्ण निर्णय हो। सही सूचना, कानूनी प्रक्रिया, स्पष्ट रोजगार सम्झौता, आर्थिक योजना र व्यक्तिगत सावधानी नै सुरक्षित वैदेशिक रोजगारीका आधार हुन्। विदेश जानुअघि केही दिन थप अध्ययन र तयारी गर्दा विदेश पुगेपछि वर्षौंसम्म भोग्नुपर्ने सम्भावित समस्या धेरै हदसम्म घटाउन सकिन्छ। विदेशमा कमाएको प्रत्येक रुपियाँभन्दा महत्वपूर्ण कुरा आफ्नो सुरक्षा, सम्मान, अधिकार र भविष्य हो भन्ने कुरा कहिल्यै बिर्सनु हुँदैन।

लोकतन्त्रप्रति पूर्ण समर्पित
साप्ताहिक
नयाँ विमर्श
Naya Bimarsha Weekly

# इस्पात : विकासदेखि वातावरणीय चुनौतीसम्म

**मनोज कुमार पोखरेल**

मानिसले ढुंगा र काठबाट आफ्ना आवश्यकता पूरा गर्न थालेको धेरै समयपछि धातुको प्रयोग सिक्यो। त्यसपछि तामाबाट कांस्य र फलाम हुँदै इस्पातसम्म आइपुग्दा मानव सभ्यताको निर्माण, युद्ध, यातायात, उद्योग र आधुनिक पूर्वाधारको स्वरूप नै बदलियो। आज घरको छानोदेखि पुल, रेल, गाडी, जहाज, मेसिन, विद्युत् संरचना र ठूला उद्योगसम्म इस्पातको उपस्थिति छ। त्यसैले इस्पातलाई आधुनिक सभ्यताको आधारभूत सामग्रीमध्ये एक मानिन्छ।

*इस्पात वास्तवमा के हो ?*

सामान्य भाषामा इस्पातलाई फलामकै विकसित रूप भन्न सकिन्छ। शुद्ध फलामभन्दा इस्पात फरक हुन्छ। फलाममा निश्चित मात्रामा कार्बन मिसाउनुका साथै आवश्यकताअनुसार म्याङ्गानिज, क्रोमियम, निकेल, मोलिब्डेनमलगायतका तत्व थपेर विभिन्न गुण भएको इस्पात तयार गरिन्छ। कार्बनको मात्रा र मिश्रित तत्वअनुसार यसको कठोरता, लचकता, ताप सहने क्षमता, जंग प्रतिरोध तथा मजबुती फरक हुन्छ।

फलामको अयस्कबाट इस्पात बनाउने आधुनिक प्रक्रियामा पहिले अयस्कबाट फलाम प्राप्त गरिन्छ। हेमाटाइट, म्याग्नेटाइट, लिमोनाइट र सिडेराइटजस्ता खनिज फलामका प्रमुख अयस्क हुन्। अयस्कलाई प्रशोधन गरेर त्यसबाट अनावश्यक पदार्थ हटाइन्छ र उच्च ताप तथा रासायनिक प्रक्रियामार्फत फलाम छुट्याइन्छ। त्यसपछि त्यसलाई कार्बन तथा अन्य आवश्यक तत्वसँग नियन्त्रित ढंगले मिश्रण गरी कच्चा इस्पात बनाइन्छ। अहिले ब्लास्ट फर्नेस, बेसिक अक्सिजन फर्नेस, इलेक्ट्रिक आर्क फर्नेस तथा प्रत्यक्ष अपचयनजस्ता प्रविधि प्रयोग हुन्छन्। नेपालमा भने ठूलो मात्रामा प्रयोग हुने रड तथा अन्य इस्पात उत्पादनका लागि आयातित बिलेट र स्क्र्यापमा आधारित उद्योगहरूको भूमिका महत्वपूर्ण छ।

*फलामबाट इस्पातसम्मको यात्रा*

मानिसले फलाम प्रयोग गर्न थालेको इतिहास हजारौँ वर्ष पुरानो छ। फलामको व्यापक प्रयोग सुरु भएपछि मानव इतिहासको एउटा चरणलाई नै 'फलाम युग' भनियो। फलामबाट हतियार, कृषि औजार र घरेलु उपकरण बनाउन थालेपछि उत्पादन क्षमता र युद्ध प्रविधिमा ठूलो परिवर्तन आयो। पछि फलाममा कार्बनको मात्रा नियन्त्रण गर्ने तथा त्यसलाई ताप उपचार गर्ने प्रविधिको विकाससँगै अझ बलियो र उपयोगी इस्पात तयार हुन थाल्यो।

औद्योगिक क्रान्तिले इस्पातको महत्व झनै बढायो। रेलमार्ग, कारखाना, पुल, जहाज र पछि मोटरगाडी तथा गगनचुम्बी भवन निर्माणमा यसको व्यापक प्रयोग भयो। ठूलो परिमाणमा सस्तो इस्पात उत्पादन गर्न सक्ने प्रविधिको विकासले आधुनिक औद्योगिक अर्थतन्त्र निर्माणमा महत्वपूर्ण भूमिका खेल्यो। आज विश्वमा इस्पात उत्पादनको मात्रा अर्बौं टनको स्तरमा पुगेको छ र यसको प्रयोग मानव जीवनका लगभग सबै प्रमुख भौतिक संरचनासँग जोडिएको छ।

*इस्पात र फलामको परम्परा*

नेपालमा आधुनिक इस्पात उद्योग सुरु हुनुअघि नै फलामसँग सम्बन्धित स्थानीय सीप र खानीको परम्परा थियो। पहाडी क्षेत्रमा फलामका अयस्क खोज्ने, स्थानीय भट्टीमा प्रशोधन गर्ने र त्यसबाट औजार बनाउने काम हुँदै आएको प्रमाण भेटिन्छ। नेपालमा पुराना खानीका अवशेष, सुरुङ, खाल्डा, स्ल्याग तथा खानीसँग सम्बन्धित गाउँका नामले पनि यस्तो इतिहास देखाउँछन्। फलामखानीका रूपमा रामेछापको थोसे, ललितपुरको फुल्चोकी, तनहुँको लब्दीखोला, चितवनको जिरबाङ, नवलपरासीको धौवादी-पोखरी तथा पर्वत, बागलुङ, बैतडी र बाजुरालगायतका क्षेत्र उल्लेखनीय छन्।

रामेछापको थोसे यसको महत्वपूर्ण उदाहरण हो। त्यहाँ स्थानीय रूपमा फलामको अयस्क निकालेर काठको कोइलालाई इन्धनका रूपमा प्रयोग गर्दै फलाम उत्पादन गर्ने गरिन्थ्यो। प्राप्त फलामबाट कृषि औजार, हतियार, चेन, किला तथा घरायसी सामग्री बनाइन्थे। थोसेमा बन्दुक उत्पादनसँग सम्बन्धित ऐतिहासिक कारखाना समेत स्थापना भएको उल्लेख पाइन्छ। यसले नेपालमा आधुनिक कारखाना आउनुअघि नै खानी, धातु प्रशोधन र धातुबाट बस्तु निर्माणको स्थानीय ज्ञान रहेको देखाउँछ।

आधुनिक औद्योगिक इस्पात उत्पादनको यात्रा भने पछि शुरु भयो। नेपालमा हिमाल आयरन एन्ड स्टिलको स्थापना सन् १९६१ मा भएको र त्यसले निर्माण क्षेत्रमा प्रयोग हुने फलामजन्य सामग्री उत्पादन गर्न थालेको अभिलेख छ। पछि वीरगञ्ज-परवानीपुर क्षेत्रलगायत औद्योगिक करिडोरमा फलाम तथा इस्पात उद्योग विस्तार हुँदै गए। नेपालमा टीएमटी रडको व्यावसायिक उत्पादन पनि क्रमशः बढ्दै गयो।

आज नेपालका इस्पात उद्योग मुख्यतः आयातित बिलेट वा स्क्र्यापलाई प्रशोधन गरेर रड, तार, पाता तथा अन्य सामग्री उत्पादन गर्ने प्रकृतिका छन्। निर्माण क्षेत्रमा प्रयोग हुने डण्डी, तार, जाली, पाइप र विभिन्न संरचनात्मक सामग्री यसको प्रमुख उत्पादन हुन्। पछिल्लो समय नेपालमा इस्पातको माग बढ्दै गएको सरकारी तथा औद्योगिक अध्ययनहरूले देखाएका छन्।

*कहाँ-कहाँ प्रयोग हुन्छ ?*

इस्पातको सबैभन्दा ठूलो प्रयोग निर्माण क्षेत्रमा हुन्छ। घर, भवन, पुल, सुरुङ, विमानस्थल, जलविद्युत् आयोजना, सडक संरचना र औद्योगिक भवनमा यसको प्रयोग हुन्छ। कंक्रिटभित्र राखिने रिइन्फोर्समेन्ट बार अर्थात् डण्डीले संरचनालाई तान्ने तथा मोडिने बल सहन सहयोग गर्छ।

त्यसैगरी गाडी, रेल, जहाज, कृषि उपकरण, कारखानाका मेसिन, विद्युत् टावर, पाइप, भण्डारण ट्यांकी, औजार र घरेलु उपकरण निर्माणमा पनि इस्पात प्रयोग हुन्छ। स्टेनलेस स्टिलका रूपमा भान्साका भाँडा, चिकित्सा उपकरण र खाद्य उद्योगमा समेत यसको उपयोग व्यापक छ। फरक-फरक मिश्रधातु र ताप उपचारका कारण एउटै इस्पातलाई अत्यन्त कडा औजारदेखि लचिलो संरचनात्मक सामग्रीसम्मका रूपमा प्रयोग गर्न सकिन्छ।

*वातावरणमा पार्ने असर*

इस्पातको उपयोगिता जति ठूलो छ, यसको उत्पादनसँग जोडिएको वातावरणीय चुनौती पनि त्यत्तिकै महत्वपूर्ण छ। परम्परागत इस्पात उत्पादनमा कोइला र अन्य जीवाश्म इन्धनको ठूलो प्रयोग हुने भएकाले हरितगृह ग्यास उत्सर्जन हुन्छ। विश्वव्यापी रूपमा इस्पात उद्योग ठूलो कार्बन उत्सर्जक औद्योगिक क्षेत्रमध्ये पर्छ।

नेपालमा पनि इस्पात उद्योगमा विद्युत्, कोइला, फर्नेस आयल वा डिजेलजस्ता ऊर्जाको प्रयोग हुने गरेको छ। बिलेट तताउने भट्टीमा तापीय ऊर्जा चाहिन्छ भने रोलिङ मिल र अन्य मेसिन सञ्चालनका लागि ठूलो मात्रामा विद्युत् आवश्यक पर्छ। त्यसैले उद्योगको ऊर्जा स्रोत र प्रविधिले यसको वातावरणीय प्रभावमा ठूलो भूमिका खेल्छ।

इस्पात उत्पादनबाट धुवाँ, धुलो, कार्बन उत्सर्जन, औद्योगिक फोहोर तथा स्ल्यागजस्ता पदार्थ पनि निस्कन सक्छन्। खानी सञ्चालनका क्रममा जमिनको स्वरूप परिवर्तन, वन क्षेत्रमा दबाब र पानीको स्रोतमा असर पर्न सक्ने भएकाले वातावरणीय मूल्यांकन र नियन्त्रण आवश्यक हुन्छ।

इस्पातको एउटा ठूलो सकारात्मक पक्ष पुनःप्रयोग गर्न सकिनु हो। पुरानो फलाम र इस्पातलाई संकलन गरी पुनःपगालेर नयाँ सामग्री बनाउन सकिन्छ। यसबाट नयाँ अयस्क उत्खननको आवश्यकता घटाउन र केही ऊर्जा तथा स्रोत बचत गर्न सकिन्छ। नेपालमा स्क्र्यापमा आधारित उद्योगहरूको विकासले यही सम्भावनालाई अघि बढाएको छ।

*अबको बाटो : हरित इस्पात*

विश्व इस्पात उद्योग अहिले कम कार्बन उत्सर्जन हुने उत्पादनतर्फ अघि बढिरहेको छ। इलेक्ट्रिक आर्क फर्नेसमा नवीकरणीय विद्युत्को प्रयोग, स्क्र्यापको पुनर्चक्रण र हाइड्रोजनमा आधारित प्रत्यक्ष अपचयनजस्ता प्रविधिलाई भविष्यको सम्भावित बाटो मानिएको छ। नेपालजस्तो जलविद्युत्को सम्भावना भएको मुलुकका लागि स्वच्छ विद्युत्मा आधारित कम-कार्बन इस्पात उत्पादन दीर्घकालीन सम्भावनाको विषय बन्न सक्छ।

नेपालका लागि इस्पात केवल निर्माण सामग्री होइन, आफ्नै खानी, उद्योग, रोजगारी र पूर्वाधार विकाससँग जोडिएको रणनीतिक क्षेत्र पनि हो। धौवादीलगायतका सम्भावित फलाम स्रोतको वैज्ञानिक अध्ययन, वातावरणीय सावधानी, आधुनिक प्रविधि र पुनर्चक्रणलाई जोड दिन सके आयातमा निर्भरता घटाउने अवसर बन्न सक्छ। हालका अध्ययनहरूले पनि नेपालमा इस्पातको माग र उद्योगको महत्व बढिरहेको देखाएका छन्।

यसरी हेर्दा इस्पात मानव सभ्यताको प्रगतिसँगै विकसित भएको एउटा साधारण धातु मात्र होइन, आधुनिक अर्थतन्त्रको आधार हो। यसले शहर बनाउँछ, पुल जोड्छ, उद्योग चलाउँछ र यातायातलाई गति दिन्छ। तर यसको उत्पादन गर्ने तरिका वातावरणमैत्री हुन सकेन भने विकासकै नाममा अर्को समस्या सिर्जना हुन सक्छ। त्यसैले अबको चुनौती धेरै इस्पात उत्पादन गर्नु मात्र होइन–कम ऊर्जा, कम कार्बन र बढी पुनर्चक्रणसहितको इस्पात उत्पादन गर्नु हो। नेपालका लागि पनि यही सन्तुलन भविष्यको इस्पात उद्योगको सबैभन्दा महत्वपूर्ण प्रश्न बन्नेछ।

## साप्ताहिक राशिफल

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ)**

यो साता आत्मविश्वास बढ्नेछ। रोकिएका काम अघि बढाउने अवसर मिल्नेछ। नयाँ जिम्मेवारी आउन सक्छ, तर हतारमा निर्णय नगर्नु राम्रो हुनेछ। आर्थिक पक्ष सामान्य रहनेछ। अनावश्यक खर्च नियन्त्रण गर्न सके बचत बढ्नेछ। पारिवारिक सम्बन्धमा आत्मीयता बढ्नेछ। व्यापार-व्यवसायमा नयाँ सम्पर्क उपयोगी बन्न सक्छ। स्वास्थ्यमा थकान र निद्राको कमी देखिन सक्ने भएकाले आराममा ध्यान दिनुहोस्।

**वृष (इ, उ, ए, ओ, वा, वि, वु, वे, वो)**

मेहनतको परिणाम प्राप्त हुने समय छ। लामो समयदेखि अल्झिएको कामले गति लिन सक्छ। आर्थिक कारोबार गर्दा कागजात र हिसाबकिताबमा विशेष ध्यान दिनुहोला। परिवारका सदस्यबाट सहयोग मिल्नेछ। प्रेम तथा दाम्पत्य सम्बन्धमा पुराना असमझदारी हट्ने सम्भावना छ। विद्यार्थीका लागि अध्ययनमा एकाग्रता बढ्नेछ। यात्राको अवसर आए पनि समय व्यवस्थापन आवश्यक देखिन्छ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, हा)**

नयाँ विचार र योजनाले तपाईंलाई अघि बढाउनेछ। काममा सिर्जनात्मकता देखाउन सकिनेछ। सहकर्मी वा साथीभाइसँगको सहकार्यबाट लाभ मिल्नेछ। आर्थिक रूपमा सामान्य सुधार हुने संकेत छ, तर अरूको भरमा ठूलो लगानी गर्नु उचित नहुन सक्छ। पारिवारिक वातावरण सुखद रहनेछ। स्वास्थ्यमा पेटसम्बन्धी सामान्य समस्या देखिन सक्छ। बोल्दा परिस्थितिअनुसार शब्द छनोट गर्नु राम्रो हुनेछ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो)**

यो साता भावनाभन्दा व्यवहारिक सोचलाई प्राथमिकता दिनु लाभदायक हुनेछ। काममा केही दबाब आए पनि त्यसलाई व्यवस्थित रूपमा सम्हाल्न सकिनेछ। आर्थिक लाभको सम्भावना छ। पुरानो रकम फिर्ता आउने संकेत देखिन्छ। परिवारमा शुभ समाचार सुन्न पाइनेछ। प्रेम सम्बन्धमा विश्वास बढ्नेछ। स्वास्थ्य सामान्य रहनेछ। महत्वपूर्ण निर्णयमा अनुभवी व्यक्तिको सुझाव उपयोगी हुन सक्छ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे)**

प्रतिष्ठा र जिम्मेवारी बढ्ने समय छ। कार्यालय वा व्यवसायमा तपाईंको कामको चर्चा हुन सक्छ। नयाँ अवसर प्राप्त भए पनि त्यसको दीर्घकालीन प्रभाव विचार गरेर अघि बढ्नु राम्रो हुनेछ। आर्थिक पक्ष बलियो बन्नेछ, तर विलासिताका वस्तुमा खर्च बढ्न सक्छ। परिवारमा खुसीको वातावरण रहनेछ। विद्यार्थीले मेहनतअनुसार राम्रो परिणाम प्राप्त गर्न सक्नेछन्।

**कन्या (टो, पा, पि, पु, ष, ण, ठ, पे, पो)**

योजनाबद्ध ढंगले अघि बढ्दा धेरै काम सम्पन्न गर्न सकिनेछ। विगतमा गरेको मेहनतको प्रतिफल प्राप्त हुन सक्छ। आर्थिक कारोबारमा सावधानी अपनाउनुहोस्। नयाँ साझेदारी गर्दा सबै पक्ष राम्ररी बुझ्नु आवश्यक छ। पारिवारिक सम्बन्धमा सानो विषयलाई ठूलो नबनाउनु राम्रो हुनेछ। स्वास्थ्यमा खानपानमा ध्यान दिनुहोला। अध्ययन र अनुसन्धानमा रुचि बढ्नेछ।

**तुला (रा, रि, रु, रे, रो, ता, ति, तु, ते)**

सामाजिक तथा व्यावसायिक क्षेत्रमा नयाँ सम्पर्क बन्नेछ। तपाईंको विचारलाई अरूले सकारात्मक रूपमा लिन सक्छन्। आर्थिक आम्दानीको बाटो खुल्ने सम्भावना छ। पुरानो विवाद समाधानतर्फ जानेछ। प्रेम तथा दाम्पत्य जीवनमा समझदारी बढ्नेछ। यात्राबाट लाभ मिल्न सक्छ। स्वास्थ्यका लागि नियमित व्यायाम र पर्याप्त आराम आवश्यक देखिन्छ।

**वृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु)**

यो साता केही चुनौतीसँगै महत्वपूर्ण अवसर पनि आउनेछन्। काममा प्रतिस्पर्धा बढे पनि आफ्नो क्षमता प्रमाणित गर्ने मौका मिल्नेछ। आर्थिक निर्णय गर्दा हतार नगर्नुहोला। घरपरिवारमा तपाईंको सहयोगको अपेक्षा गरिनेछ। प्रेम सम्बन्धमा पुरानो गलतफहमी हट्न सक्छ। स्वास्थ्यमा तनाव कम गर्न ध्यान, आराम वा मनोरञ्जनका लागि समय निकाल्नु राम्रो हुनेछ।

**धनु (ये, यो, भा, भि, भु, धा, फा, ढा, भे)**

नयाँ काम शुरु गर्न उत्साह बढ्नेछ। विदेश, यात्रा वा टाढाको स्थानसँग सम्बन्धित कामबाट सकारात्मक खबर आउन सक्छ। आर्थिक स्थिति क्रमशः सुधार हुनेछ। व्यवसायीका लागि नयाँ ग्राहक वा अवसर थपिन सक्छ। पारिवारिक साथ राम्रो रहनेछ। विद्यार्थीले लक्ष्यमा ध्यान केन्द्रित गरे राम्रो उपलब्धि हासिल गर्न सक्नेछन्। स्वास्थ्यमा सामान्य कमजोरी देखिए पर्याप्त पानी र आराममा ध्यान दिनुहोस्।

**मकर (भो, जा, जि, जु, जे, जो, खा, खि, खु, खे, खो, गा, गि)**

कामको बोझ बढे पनि त्यसबाट उपलब्धि हासिल हुने संकेत छ। जिम्मेवारी पूरा गर्न केही अतिरिक्त समय दिनुपर्नेछ। आर्थिक पक्षमा स्थिरता कायम रहनेछ। अनावश्यक ऋण वा खर्चबाट टाढा रहनु राम्रो हुनेछ। परिवारमा महत्वपूर्ण छलफल हुन सक्छ। प्रेम सम्बन्धमा सकारात्मक परिवर्तन आउनेछ। स्वास्थ्य सामान्य रहनेछ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, दा)**

नयाँ सम्भावनाको ढोका खुल्नेछ। काम वा व्यवसायमा नयाँ योजना लागू गर्ने अवसर मिल्न सक्छ। आर्थिक रूपमा लाभदायक समाचार प्राप्त हुने सम्भावना छ। साथीभाइको सहयोग उपयोगी बन्नेछ। पारिवारिक सम्बन्धमा आत्मीयता बढ्नेछ। अध्ययनमा नयाँ विषयप्रति रुचि जाग्नेछ। स्वास्थ्यमा मानसिक थकान हुनसक्ने भएकाले पर्याप्त आराम गर्नुहोस्।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, चा, चि)**

यो साता धैर्य र निरन्तर प्रयासले सफलता दिलाउनेछ। रोकिएको काम पुनः सुरु हुने सम्भावना छ। आर्थिक लाभ भए पनि खर्च पनि बढ्न सक्छ, त्यसैले बजेट बनाएर चल्नु राम्रो हुनेछ। परिवारमा शुभ समाचार आउन सक्छ। प्रेम सम्बन्धमा निकटता बढ्नेछ। सामाजिक क्षेत्रमा तपाईंको सक्रियता बढ्नेछ। स्वास्थ्यका लागि खानपान र निद्रामा विशेष ध्यान दिनुहोला।

विद्यार्थीलाई अतिरिक्त क्रियाकलाप गराउनु परे
हामीलाई सम्झिनु होस्
स्कूल तथा कलेजमा अध्ययरत विद्यार्थीहरुलाई अतिरिक्त क्रियाकलापहरु जस्तै :
- हस्तलेखन
- कथालेखन
- नाटकलेखन तथा नाटकको प्रस्तुति
- गायन तथा संगीत
- चित्रकला
- कानूनी ज्ञानहरु
- पत्रकारिताको जानकारी
- उद्घोषण कला
- नाच्ने कला
आदिको ज्ञान दिलाउन चाहनु हुन्छ भने हामी त्यसको व्यवस्थापनको लागि तयार छौं।
हामी तपाईहरुको विद्यालय तथा विद्यार्थीहरुका लागि सबै खाले तालिम, कार्यशाला संचालन गरी तपाइँहरुको आवश्यकता अनुसारका प्याकेजहरु तपाईहरुको अनुकुल समयमा हामी सेवा दिन तयार छौं।

सम्पर्क नं.९८१८६७००८८
क्रियटिभ सेन्टर नेपाल प्रा.लि.
काठमाडौं-११

सुन चाँदीका गहनाका लागि
हामीलाई सम्झिनु होस्
विवाह, पास्नी लगायतका कुनै पनि खाले मांगलिक कार्यका लागि चाहिने गरगहनाका लागि हामीलाई सम्झिनु होस्।

तपाईहरुको सेवामा हामी तयार छौं, काठमाडौंको मुटु मैतीदेवी चोक, काठमाडौंमा।
सुन, चाँदी तथा हिराका तयारी गहनाहरुका अतिरिक्त तपाइँहरुको चाहना, डिजाइन अनुसारका गहना बनाउनका लागि हामी सेवामा हाजिर छौं।

न्यु बुद्ध गहना गृह
मैतीदेवीचोक (श्रेष्ठ टेलरिङसँग), काठमाडौं
फोन नं.०१४५३४७५५, ९८१३६५२९१८

लोकतन्त्रप्रति पूर्ण समर्पित
साप्ताहिक
नयाँ विमर्श
Naya Bimarsha Weekly

**विदेशमा रहेका विद्यार्थीका अभिभावकलाई जानकारी**

**तपाईका सन्तान विदेशमा पढ्दैछन् ?**
**तपाईका सन्तान विदेशमा पढ्न जाँदैछन् ?**
**तपाई आफ्ना सन्तानलाई विदेशमा पढाउन लागि रहनु भएको छ ?**

यदि माथिको कुनै पनि अवस्थामा तपाईहरु हुनुहुन्छ भने नेपालमा रहेका आमाबुबा वा अभिभावकका लागि भनी नेपालमा संस्था (मुनाफा वितरण नगर्ने कम्पनी) खोलिएको छ। तपाईहरु पनि जोडिएर सहकार्य गर्न सक्नुहुनेछ।
त्यसका लागि

**सम्पर्क नं.९८१८६७००८८ (अध्यक्ष)**

**इन्टरनेशनल स्टुडेट्न्स प्यारेन्ट वेलफेयर सेन्टर नेपाल**
**काठमाडौं–११, बबरमहल**

# टेबलटेनिस : टेबलबाट विश्वको रंगमञ्चसम्म

दुईतिर खेलाडी, बीचमा एउटा जाली र अगाडि-पछाडि दौडिरहेको सानो बल। पहिलो नजरमा टेबलटेनिस निकै सामान्य खेलजस्तो लाग्न सक्छ। बलले टेबल छोएर फर्किने प्रत्येक क्षणमा खेलाडीको गति, एकाग्रता, शरीरको सन्तुलन र निर्णय गर्ने क्षमताको परीक्षा भइरहेको हुन्छ। केही सेकेन्डमै खेलको दिशा बदलिन सक्छ। यही तीव्रता र कौशलका कारण कहिल्यै घरभित्रको मनोरञ्जनका रूपमा सुरु भएको यो खेल आज संसारका प्रतिष्ठित खेलकुद प्रतियोगिताको अभिन्न हिस्सा बनेको छ।

टेबलटेनिसको प्रारम्भिक स्वरूप १९औँ शताब्दीको उत्तरार्धतिर युरोपमा विकसित भएको मानिन्छ। बाहिर मैदानमा खेलिने टेनिसको सानो र घरभित्र खेल्न सकिने रूपका रूपमा यसको अभ्यास सुरु भएको थियो। त्यसबेला आजको जस्तो वैज्ञानिक रूपमा तयार गरिएको टेबल, र्‍याकेट र बल थिएनन्। समयसँगै खेलका उपकरणमा सुधार भयो, नियमहरू व्यवस्थित भए र यसले आफ्नै छुट्टै पहिचान बनाउन थाल्यो। यही विकासक्रमले 'पिङपङ' भनेर चिनिने मनोरञ्जनात्मक खेललाई अन्तर्राष्ट्रिय प्रतिस्पर्धाको खेलमा रूपान्तरण गर्‍यो।

अन्तर्राष्ट्रिय स्तरमा खेललाई व्यवस्थित बनाउन सन् १९२६ मा अन्तर्राष्ट्रिय टेबलटेनिस महासंघ अर्थात् ITTF स्थापना भयो। त्यसपछि विश्व च्याम्पियनसिपलगायत ठूला प्रतियोगिताले खेलाडीलाई आफ्नो क्षमता प्रमाणित गर्ने साझा मञ्च प्रदान गर्न थाले। आज विश्व टेबलटेनिसमा विश्व च्याम्पियनसिप, विश्व कप, महादेशीय प्रतियोगिता, अन्तर्राष्ट्रिय टुर र ओलम्पिकसम्मको लामो प्रतिस्पर्धात्मक संरचना छ। ओलम्पिकमा भने टेबलटेनिसले सन् १९८८ को सोल खेलकुदबाट प्रवेश पाएको हो।

यस खेलको इतिहासमा एसियाको प्रवेश विशेष महत्वको छ। जापानहुँदै चीनले विश्व टेबलटेनिसमा आफ्नो बलियो उपस्थिति स्थापित गरेपछि खेलको शैली नै धेरै हदसम्म बदलियो। छिटो आक्रमण, बलमा स्पिन, नजिकबाट नियन्त्रण र असाधारण प्रतिक्रिया क्षमता एसियाली खेलाडीहरूको पहिचान बन्दै गयो। चीनले त पछिल्ला दशकमा विश्व टेबलटेनिसमा असाधारण प्रभाव कायम राखेको छ। यसको अर्थ अन्य देशका खेलाडी कमजोर छन् भन्ने होइन। जर्मनी, स्वीडेन, दक्षिण कोरिया, जापान, फ्रान्सलगायत मुलुकले पनि विश्वस्तरमा आफ्नो छुट्टै परम्परा र खेलशैली निर्माण गरेका छन्।

टेबलटेनिस खेलकुदको इतिहासमा राजनीतिक सम्बन्धसँग जोडिएको एउटा रोचक अध्याय पनि छ। सन् १९७१ मा अमेरिकी र चिनियाँ टेबलटेनिस खेलाडीबीच भएको आदानप्रदानले दुई देशबीचको सम्बन्धमा संवादको वातावरण बनाउन सांकेतिक भूमिका खेलेको थियो। त्यस घटनालाई पछि 'पिङपङ डिप्लोमेसी'का रूपमा चर्चित बनाइयो। यसले खेल मैदानभन्दा बाहिर पनि खेलको प्रभाव कति फराकिलो हुन सक्छ भन्ने देखाएको थियो।

*नेपालमा पनि पुरानो यात्रा*

नेपालमा टेबलटेनिसको इतिहास नयाँ होइन। राष्ट्रियस्तरमा यसको संस्थागत विकासका लागि अखिल नेपाल टेबलटेनिस संघ स्थापना भएको इतिहास सन् १९५० सम्म पुग्छ। नेपाल ओलम्पिक कमिटीको अभिलेखमा पनि प्रारम्भिक चरणमा ओलम्पिक कमिटीसँग आवद्ध गराइएका राष्ट्रिय खेल संस्थामध्ये अखिल नेपाल टेबलटेनिस संघको नाम उल्लेख छ।

शुरुवाती समयमा यो खेल मुख्यतः काठमाडौंमा सीमित थियो। सीमित साधन र खेल सामग्रीका बाबजुद खेलाडीहरूले अभ्यास गर्दै राष्ट्रिय प्रतियोगिताको आधार तयार पारे। विस्तारै सरकारी निकाय, सुरक्षा निकायका क्लब, विद्यालय तथा विभिन्न खेल संस्थाको संलग्नता बढ्दै गएपछि खेल देशका अन्य भूभागमा पनि पुग्न थाल्यो। आज राष्ट्रिय प्रतियोगितामा विभिन्न विभागीय टोलीसँगै प्रदेश र जिल्लाबाट समेत खेलाडीको सहभागिता हुने गरेको छ।

नेपालको टेबलटेनिस इतिहासलाई हेर्दा महिला खेलाडीको योगदानलाई अलग राख्न सकिँदैन। सिजरिन शाह, गीता क्षेत्री, इन्दिरा चित्रकार, नीलम तुलाधरजस्ता पुराना पुस्ताका खेलाडीले अन्तर्राष्ट्रिय प्रतिस्पर्धामा नेपाललाई चिनाउन महत्वपूर्ण भूमिका खेले। त्यसपछि नबिता श्रेष्ठजस्ता खेलाडीले लामो समय घरेलु महिला टेबलटेनिसमा आफ्नो प्रभाव कायम राखिन्। राष्ट्रिय प्रतियोगितामा नबिताको लगातार सफलताले महिला खेलाडीका लागि पनि यो खेलमा दीर्घकालीन सम्भावना रहेको देखायो। राष्ट्रियस्तरमा उनको प्रभुत्वको एउटा उदाहरण सन् २०१८ को राष्ट्रिय प्रतियोगितामा फेरि महिला एकल उपाधि जित्नु पनि हो।

पुरुषतर्फ दीप साउन, शिवसुन्दर गोथे, पुरूषोत्तम बज्राचार्य, विनेश खनियाँलगायत खेलाडीले विभिन्न पुस्तामा राष्ट्रिय प्रतिस्पर्धालाई जीवन्त राखे। पछिल्लो पुस्तामा सन्तु श्रेष्ठ र संयोग कपालीजस्ता नाम अगाडि आएका छन्। १३औँ दक्षिण एशियाली खेलकुदमा नेपालले टेबलटेनिसमा रजत र कांस्य पदकसमेत प्राप्त गरेको नेपाल ओलम्पिक कमिटीको अभिलेखले देखाउँछ। त्यस टोलीमा सन्तु श्रेष्ठ, पुरूषोत्तम बज्राचार्य, शिवसुन्दर गोथे, नविता श्रेष्ठलगायत खेलाडी थिए।

*सन्तुको ओलम्पिक यात्रा*

नेपाली टेबलटेनिसको पछिल्लो इतिहासमा सबैभन्दा महत्वपूर्ण मोड भने सन्तु श्रेष्ठको ओलम्पिक छनोट हो। काठमाडौंमा भएको दक्षिण एशियाली छनोट प्रतियोगितामा पुरुषतर्फ विजेता बनेपछि सन्तुले २०२४ पेरिस ओलम्पिकमा नेपालको प्रतिनिधित्व गर्ने अवसर पाए। नेपाल ओलम्पिक कमिटीले उनलाई टेबलटेनिसमा ओलम्पिकका लागि प्रत्यक्ष छनोट हुने पहिलो नेपाली खेलाडीका रूपमा अभिलेख गरेको छ।

सन्तुको उपलब्धि एउटा खेलाडीको व्यक्तिगत सफलता मात्र रहेन। यसले नेपालमा लामो समयदेखि अभ्यास भइरहेको टेबलटेनिसलाई अन्तर्राष्ट्रिय स्तरमा नयाँ ढंगले हेर्ने अवसर पनि दियो। उनको सफलताले विद्यालय तहमा र्‍याकेट समातिरहेका नयाँ पुस्ताका खेलाडीलाई पनि 'नेपालबाट ओलम्पिकसम्म पुग्न सकिन्छ' भन्ने उदाहरण दिएको छ।

यसअघि पनि सन्तुले निकै कम उमेरमै राष्ट्रियस्तरमा आफ्नो क्षमता देखाइसकेका थिए। उनी किशोर अवस्थामै वरिष्ठ राष्ट्रिय च्याम्पियन बन्न सफल भएका थिए। यसले खेलाडी तयार पार्न उमेरभन्दा प्रशिक्षण, निरन्तरता र सही अवसर महत्वपूर्ण हुन्छ भन्ने देखाउँछ।

*प्रतियोगिताको संसार*

नेपालमा टेबलटेनिसका लागि राष्ट्रिय च्याम्पियनसिप सबैभन्दा महत्वपूर्ण घरेलु मञ्चमध्ये एक हो। त्यसबाहेक राष्ट्रिय खेलकुद, विभागीय प्रतियोगिता, खुला प्रतियोगिता, विद्यालयस्तरीय प्रतियोगिता, जुनियर तथा क्याडेट तहका प्रतिस्पर्धा हुँदै आएका छन्। केही समय राष्ट्रिय लिगको अवधारणासमेत अघि बढाइएको थियो। सन् २०१० मा काठमाडौंमा पहिलो स्वनच्छी कप राष्ट्रिय लिग आयोजना भएको अभिलेख छ।

नेपालका खेलाडीका लागि अन्तर्राष्ट्रिय तहमा भने दक्षिण एसियाली खेलकुद, दक्षिण एसियाली



हरि शरण जमकटेल

च्याम्पियनसिप, एसियाली खेलकुद, विश्व च्याम्पियनसिप, ओलम्पिक छनोट तथा अन्य अन्तर्राष्ट्रिय प्रतियोगिता महत्वपूर्ण अवसर हुन्। नेपाली टोलीले विश्व च्याम्पियनसिपमा समेत सहभागिता जनाउँदै आएको छ। सन् २०१९ को विश्व टेबलटेनिस च्याम्पियनसिपका लागि सन्तु श्रेष्ठ, नविता श्रेष्ठ, विनेश खनियाँ, दीक्षा तामाङ, स्वेच्छा नेम्वाङलगायत खेलाडी सम्मिलित नेपाली टोली हंगेरी गएको थियो।

यस्ता प्रतियोगिताको महत्व पदकमा मात्र हुँदैन। बलिया खेलाडीहरूसँग खेल्दा नेपाली खेलाडीले आफ्ना कमजोरी बुझ्ने, नयाँ प्रविधि सिक्ने र अन्तर्राष्ट्रिय खेलको गति अनुभव गर्ने अवसर पाउँछन्। त्यसैले अन्तर्राष्ट्रिय सहभागिता आफैंमा खेलाडी विकासको एउटा पाठशाला हो।

*अबको बाटो*

नेपालमा टेबलटेनिसको इतिहास लामो भए पनि यसको सम्भावना अझै पूर्ण रूपमा उपयोग हुन बाँकी छ। एउटा टेबल र केही र्‍याकेटबाट पनि प्रशिक्षण शुरु गर्न सकिने भएकाले यो खेल विद्यालय र स्थानीय तहसम्म विस्तार गर्न तुलनात्मक रूपमा सहज छ। अन्तर्राष्ट्रिय स्तरको खेलाडी उत्पादन गर्न नियमित प्रशिक्षण, दक्ष प्रशिक्षक, वैज्ञानिक फिटनेस कार्यक्रम, पर्याप्त प्रतियोगिता र विदेशमा अभ्यास गर्ने अवसर आवश्यक हुन्छ।

नेपालले केही राम्रा खेलाडी उत्पादन गरेको छ। अब चुनौती ती प्रतिभालाई निरन्तरता दिनु हो। एउटा पुस्ता राष्ट्रिय च्याम्पियन बनेर रोकिएर अर्को पुस्ता फेरि शून्यबाट शुरु गर्नुपर्ने अवस्था अन्त्य गर्नुपर्छ। बालबालिकालाई प्रारम्भिक उमेरमै खेलसँग जोड्ने, प्रशिक्षक तयार गर्ने, प्रदेशस्तरमा नियमित प्रतियोगिता सञ्चालन गर्ने र प्रतिभाशाली खेलाडीलाई दीर्घकालीन प्रशिक्षणमा राख्ने हो भने नेपालको स्तर अझ माथि उठ्न सक्छ।

अहिले टेबलटेनिस केवल मनोरञ्जनका लागि टेबलमा बल हान्ने खेल रहेन। यो गति, विज्ञान, रणनीति र मानसिक तयारीको खेल बनेको छ। नेपालमा पनि यसको यात्रा आधा शताब्दीभन्दा धेरै पुरानो छ र पछिल्ला वर्षमा सन्तु श्रेष्ठको ओलम्पिक छनोटले यसको इतिहासमा नयाँ पाना थपेको छ। २०२६ मा पनि नेपालमा टेबलटेनिस गतिविधि जारी छन्; नेपाल ओलम्पिक कमिटीले अप्रिल २०२६ मा समेत राष्ट्रिय खेलाडीको सहभागितामा टेबलटेनिस कार्यक्रम आयोजना गरेको जनाएको छ।

त्यसैले नेपालको टेबलटेनिसको कथा पदकको सूची मात्र होइन। यो सीमित साधनबाट सुरु भएको एउटा खेलले पुस्ता-पुस्ता पार गर्दै राष्ट्रिय च्याम्पियन जन्माएको, दक्षिण एसियाली मञ्चमा पदक जितेको र अन्ततः ओलम्पिकको ढोकासम्म पुगेको कथा हो। अबको सपना अझ अगाडि हुन सक्छ कि नेपालको नाम केवल ओलम्पिकमा सहभागी हुने सूचीमा होइन, विश्व टेबलटेनिसको प्रतिस्पर्धामा आत्मविश्वासका साथ उभिने सूचीमा पनि देखिनु।

# Smart Preparation Before Studying Abroad

Studying abroad is an exciting opportunity, but it also brings new responsibilities. For many students, going to another country is not simply a journey from one place to another; it is the beginning of a completely different academic, social and personal experience. Therefore, proper preparation while still in Nepal can make the transition easier and more successful.

*1. Understand Your Course and Institution*

Before leaving Nepal, students should have a clear understanding of the course they have chosen. They should know the course structure, duration, tuition fees, academic requirements and assessment system. It is equally important to learn about the university or college, its location, facilities, student support services and academic expectations. Choosing a course merely because it is popular or because someone else recommends it may create difficulties later.

*2. Prepare Your Finances Carefully*

Money management is one of the most important aspects of life abroad. Students should prepare a realistic budget covering tuition, accommodation, food, transportation, insurance, communication and other personal expenses. They should also keep some emergency funds separately. Understanding how and when tuition fees must be paid, what expenses are refundable and what financial conditions apply to their visa can prevent unnecessary stress.

*3. Learn About the Destination Country*

Students should research the country and city where they will live. Weather, transportation, housing, local laws, cultural practices and living costs can vary significantly. Learning some basic information about the local community before departure helps students adjust more quickly. They should also understand that the laws of the host country must be respected regardless of personal habits or expectations developed in Nepal.

*4. Strengthen English and Communication Skills*

Academic qualifications alone may not be enough for a comfortable life abroad. Students should practise speaking, listening, reading and writing in English before departure. They should become comfortable asking questions, explaining problems, communicating with teachers and dealing with banks, landlords, employers and government offices. Good communication skills can significantly increase confidence.

*5. Organise Important Documents*

Students should keep passports, visas, admission letters, academic certificates, financial documents, insurance papers, accommodation details and other important records safely. Both printed and digital copies can be useful. Important emergency contacts should also be saved separately. Students should never hand over their original documents unnecessarily to unknown individuals.

*6. Be Careful About Part-Time Work*

Many international students plan to work while studying. However, employment conditions differ from country to country and visa rules may limit working hours or types of employment. Students should understand the legal conditions before accepting a job. Education should remain the primary purpose of their stay, and illegal or exploitative employment should be avoided.

*7. Prepare Mentally for Independence*

Life abroad may not always be as easy or glamorous as social media suggests. Students may experience loneliness, homesickness, cultural differences, academic pressure or financial challenges. Learning to cook, manage time, do household chores, communicate independently and solve everyday problems before leaving Nepal can be extremely helpful.

*8. Do Not Depend Blindly on Others*

Students should verify information rather than relying entirely on agents, friends or social media. Any claim about scholarships, jobs, accommodation, income or visa conditions should be checked through reliable and official sources. Being informed is one of the best ways to avoid fraud and unrealistic expectations.

Ultimately, going abroad should be viewed not only as an opportunity to obtain a degree but also as a chance to develop discipline, independence and a broader understanding of the world. Good preparation in Nepal can turn the uncertainty of a new beginning into a confident and meaningful journey.



**दूर दृष्टि डिजिटल प्रा.लि.**
**सम्पर्कः मनिषजी मो.नं.९८५१३६०६२१**

लोकतन्त्रप्रति पूर्ण समर्पित
साप्ताहिक
नयाँ विमर्श
Naya Bimarsha Weekly

# फलाम : सभ्यताको मेरुदण्डदेखि परम्परागत खानीसम्म



स्पन्दन भट्टराई

मानिसले प्रकृतिबाट प्राप्त गरेका धातुमध्ये फलामलाई सबैभन्दा उपयोगी र प्रभावशाली धातु मानिन्छ । आज घर निर्माणदेखि ठूला उद्योग, यातायात, कृषि, ऊर्जा, मेसिनरी र प्रविधिसम्म फलाम तथा त्यसबाट बनेका मिश्रधातुको प्रयोग व्यापक छ । आजको आधुनिक फलाम उद्योगसम्म आइपुग्न मानव सभ्यताले हजारौँ वर्षको यात्रा पार गरेको छ । फलाम केवल एउटा धातु होइन, मानवको श्रम, युद्ध, कृषि, निर्माण र औद्योगिक विकाससँग गाँसिएको इतिहास पनि हो ।

*फलामको शुरुवात*

पृथ्वीमा फलाम नयाँ बस्तु होइन । पृथ्वीको निर्माणकै क्रममा विभिन्न खनिज र धातुहरू बनेका हुन् । फलाम पृथ्वीको भूपर्पटीमा स्वतन्त्र धातुको रूपमा भन्दा विभिन्न खनिजसँग मिसिएको अवस्थामा बढी पाइन्छ । हेमाटाइट, म्याग्नेटाइट, लिमोनाइट र साइडराइटजस्ता खनिज फलामका प्रमुख स्रोत हुन् । यिनै खनिजलाई प्रशोधन गरेर मानिसले प्रयोगयोग्य फलाम प्राप्त गर्छ ।

मानवले फलाम प्रयोग गर्न थालेको इतिहास अत्यन्त पुरानो छ । प्रारम्भिक अवस्थामा मानिसले पृथ्वीमा खसेका उल्कापिण्डबाट प्राप्त प्राकृतिक फलाम प्रयोग गरेको प्रमाण भेटिन्छ । उल्काबाट प्राप्त फलामलाई आकार दिएर गहना, हतियार तथा अन्य सामग्री बनाइन्थ्यो । पछि मानिसले जमिनभित्र रहेका फलामयुक्त ढुंगा पहिचान गरेर त्यसबाट धातु निकाल्ने प्रविधि सिक्दै गयो । यही ज्ञानले क्रमशः फलाम युगको आधार तयार गऱ्यो ।

करिब तीन हजार वर्षअघि पश्चिम एशिया र भूमध्यसागरीय क्षेत्रका विभिन्न सभ्यतामा फलामका उपकरण र हतियारको प्रयोग उल्लेखनीय रूपमा बढ्न थालेको मानिन्छ । काँस्यका तुलनामा फलामका औजार बलिया र व्यावहारिक बन्न थालेपछि कृषि, युद्ध र निर्माणका क्षेत्रमा यसको महत्त्व तीव्र रूपमा बढ्यो । फलामको प्रयोग फैलिँदै जाँदा मानव सभ्यताको स्वरूपमै परिवर्तन आयो ।

*फलाम आफैँ कसरी बन्छ ?*

यहाँ एउटा कुरा बुझ्न आवश्यक छ कि खानीबाट निकालिने फलाम र हामीले औजारमा प्रयोग गर्ने फलाम एउटै अवस्थामा हुँदैन । फलामका अयस्क अर्थात् फलामयुक्त खनिजबाट प्रशोधन गरेर प्रयोगयोग्य धातु बनाइन्छ ।

फलामका अयस्कमा फलामसँगै अक्सिजन, सिलिका, माटो, सल्फर, फस्फोरसलगायतका अन्य पदार्थ मिसिएका हुन्छन् । त्यसैले खानीबाट निकालिएको ढुंगा सीधै फलामको डन्डी वा औजारमा परिणत हुँदैन । पहिले अयस्कलाई छुट्ट्याउने, सफा गर्ने र त्यसमा रहेको फलामको मात्रा बढाउने काम हुन्छ ।

आधुनिक उद्योगमा खानीबाट निकालिएको अयस्कलाई पहिले ठूलो ढुंगाबाट साना टुक्रामा परिणत गरिन्छ । त्यसपछि आवश्यकताअनुसार चुम्बकीय छुट्ट्याउने, धुने, छान्ने वा अन्य प्रक्रियाबाट उपयोगी अयस्कलाई अशुद्ध पदार्थबाट अलग गरिन्छ । त्यसपछि तयार भएको अयस्कलाई उच्च तापक्रममा प्रशोधन गरिन्छ । फलामको अक्साइडमा रहेको अक्सिजन हटाएर फलाम प्राप्त गर्नु यसको मूल उद्देश्य हो ।

परम्परागत रूपमा कोइला वा काठको कोइलाजस्ता कार्बनयुक्त पदार्थ प्रयोग गरी अयस्कलाई भट्टीमा तताइन्थ्यो । कार्बनले अयस्कमा रहेको अक्सिजनसँग प्रतिक्रिया गर्दा फलाम छुट्टिन थाल्थ्यो । यसरी प्राप्त हुने फलाममा केही अशुद्ध पदार्थ बाँकी रहन्थे । त्यसलाई पटक-पटक तताउने, पिट्ने र तह लगाउने प्रक्रियाबाट तुलनात्मक रूपमा राम्रो फलाम तयार गरिन्थ्यो ।

आधुनिक ठूला उद्योगमा भने ब्लास्ट फर्नेसजस्ता प्रविधिबाट फलाम उत्पादन गरिन्छ । अयस्कसँग कोक र चुनढुंगा प्रयोग गरी अत्यन्त उच्च तापक्रममा प्रशोधन गरिन्छ । यसबाट पहिले पग्लिएको अवस्थाको कच्चा फलाम अर्थात् पिग आइरन प्राप्त हुन्छ । त्यसलाई थप प्रशोधन गरी स्टिललगायत विभिन्न प्रकारका फलामजन्य पदार्थ बनाइन्छ ।



*खानीदेखि फलामसम्मको यात्रा*

फलाम उत्पादनको पहिलो चरण नै राम्रो अयस्क भएको स्थान पहिचान गर्नु हो । आधुनिक समयमा भूगर्भशास्त्रीहरूले चट्टानको अध्ययन, भू-नक्सा, भू-रासायनिक परीक्षण, चुम्बकीय तथा अन्य भूभौतिकीय प्रविधिबाट फलामको सम्भावना भएका क्षेत्र पहिचान गर्छन् । त्यसपछि नमुना परीक्षण, ड्रिलिङ र आर्थिक सम्भाव्यताको अध्ययन गरिन्छ ।

व्यावसायिक रूपमा खानी सञ्चालन गर्न सकिने अवस्था भएमा जमिनको प्रकृति र अयस्कको गहिराइअनुसार खुला खानी वा भूमिगत खानी विधि अपनाइन्छ । अयस्क निकालेर प्रशोधन केन्द्रमा पुऱ्याइन्छ । त्यहाँ अयस्कको आकार घटाउने, उपयोगी खनिजको मात्रा बढाउने र अन्ततः धातु निकाल्ने काम हुन्छ । त्यसपछि फलामलाई विभिन्न आकार र गुणस्तरमा ढालेर उद्योग तथा बजारमा पठाइन्छ ।

*परम्परागत फलामखानी*

नेपालमा पनि फलामसँगको सम्बन्ध आधुनिक उद्योग शुरु भएपछि मात्र बनेको होइन । हिमालदेखि पहाडसम्म फैलिएको नेपालको भौगोलिक संरचनामा विभिन्न धातु तथा खनिजको सम्भावना रहेको पाइन्छ । पहाडी भेगका कतिपय स्थानमा परम्परागत रूपमा फलामका अयस्क संकलन गरी स्थानीय भट्टीमा प्रशोधन गर्ने चलन रहेको इतिहास र स्थानीय परम्पराले देखाउँछ ।

पुराना नेपाली बस्तीमा फलामको आवश्यकता अत्यन्त व्यावहारिक थियो । खेत जोत्न हलोको फाली चाहिन्थ्यो, वन फँडानी गर्न हँसिया र बञ्चरो चाहिन्थ्यो, काठ काट्न तथा घर बनाउन विभिन्न औजार आवश्यक पर्थे । ढोका, ताल्चा, किला, करौती, खुकुरी, तरबार र कृषि उपकरणमा पनि फलामको प्रयोग हुन्थ्यो । त्यसैले फलाम उत्पादन गर्ने सीप गाउँको अर्थतन्त्र र जीवनपद्धतिको एउटा महत्वपूर्ण हिस्सा बनेको थियो ।

*खानी कसरी थाहा पाउथे ?*

आजजस्तो भूगर्भीय नक्सा, प्रयोगशाला वा आधुनिक उपकरण नभएको समयमा हाम्रा पुर्खाहरूले प्रकृतिका संकेत पढेर खानीको सम्भावना अनुमान गर्थे । सतहमा देखिने चट्टानको रङ, माटोको स्वरूप, ढुंगामा देखिने धातुको चमक, पानीको धार तथा आसपास भेटिने विशेष प्रकारका खनिजलाई उनीहरूले अनुभवका आधारमा हेर्थे ।

फलामयुक्त माटो वा ढुंगा प्रायः रातो, खैरो वा कालो देखिन सक्छ । कतिपय फलामयुक्त खनिज चुम्बकमा आकर्षित हुने भएकाले स्थानीय ज्ञानमा यस्ता ढुंगालाई छुट्ट्याउने आफ्नै तरिका विकसित भएको हुन सक्छ । सबै पुराना खानी चुम्बककै आधारमा पत्ता लगाइन्थे भन्ने निष्कर्ष निकाल्नु उचित हुँदैन । धेरै ठाउँमा पुस्तौँदेखि संकलित अनुभव, जमिनको बनोट र अयस्कको दृश्य संकेत नै मुख्य आधार हुन सक्थ्यो ।

एक ठाउँमा राम्रो अयस्क भेटिएपछि त्यस आसपास थप खोजी गरिन्थ्यो । सतहमा देखिएको अयस्क पछ्याउँदै जमिन खोतल्ने, सानो सुरुङ बनाउने वा चट्टान फुटाएर भित्रको संरचना हेर्ने अभ्यास विकसित भएको थियो । कतिपय पुराना खानीका अवशेष आज पनि स्थानीय इतिहासको हिस्सा बनेका छन् ।

*भट्टीमा फलाम निकाल्ने सीप*

पुराना नेपाली फलामकर्मीका लागि खानी पत्ता लगाउनु जत्तिकै महत्वपूर्ण काम अयस्कबाट धातु निकाल्नु थियो । खानीबाट ल्याइएको ढुंगालाई पहिले फुटाएर उपयोगी टुक्रा छुट्ट्याइन्थ्यो । त्यसपछि स्थानीय स्रोतबाट प्राप्त काठको कोइला प्रयोग गरेर विशेष प्रकारको भट्टीमा अयस्क तताइन्थ्यो ।

भट्टीमा पर्याप्त तापक्रम कायम राख्न हावा फुक्ने व्यवस्था गरिन्थ्यो । कतिपय परम्परागत धातु प्रशोधन प्रणालीमा छालाबाट बनेका धौंकनी वा अन्य हावा प्रवाह गर्ने साधन प्रयोग हुन्थे । निरन्तर हावा दिँदा आगोको ताप बढ्थ्यो र अयस्कबाट फलाम अलग हुने प्रक्रिया अघि बढ्थ्यो ।

त्यसबाट आजको जस्तो पूर्ण रूपमा पग्लिएको फलामभन्दा स्पन्जजस्तो फलामको डल्लो प्राप्त हुन सक्थ्यो । त्यसलाई तातै अवस्थामा निकालेर पटक-पटक घनले पिटिन्थ्यो । यस क्रममा फलामभित्र रहेका स्ल्याग अर्थात् अशुद्ध पदार्थ बाहिर निस्कन्थे । फेरि तताउने र पिट्ने क्रम दोहोऱ्याएर उपयोगी फलाम तयार गरिन्थ्यो । यो काम केवल प्रविधि नभई लामो अभ्यास र दक्षता माग्ने हस्तकला थियो ।

*खेतदेखि हतियारसम्म*

यसरी तयार भएको फलामलाई स्थानीय कालिगढहरूले आवश्यकताअनुसार आकार दिन्थे । कृषकका लागि हलोको फाली, कोदालो, हँसिया, कुटो, बञ्चरो र अन्य कृषि औजार तयार हुन्थे । घर निर्माणका लागि किला, काँटी र विभिन्न उपकरण बन्थे । वन तथा दैनिक जीवनमा प्रयोग हुने चक्कु, खुकुरीजस्ता धारिला सामग्री पनि यही सीपबाट तयार गरिन्थे ।

युद्ध र सुरक्षाका लागि तरबार, भाला, तीरका टुप्पा तथा अन्य हतियार निर्माणमा फलामको प्रयोग भयो । यसले फलाम उत्पादन गर्ने समुदाय र कालिगढलाई तत्कालीन समाजमा विशेष महत्त्व दिएको हुनुपर्छ । एउटा राम्रो औजार केवल धातुको टुक्रा थिएन; त्यसमा खानी खोज्ने व्यक्तिको ज्ञान, भट्टी चलाउने सीप र फलामलाई आकार दिने कालिगढको पुस्तौँको अनुभव जोडिएको हुन्थ्यो ।

*हराउँदै गएको परम्परा*

समयसँगै औद्योगिक उत्पादन बढ्यो । बजारमा कारखानाबाट बनेका सस्ता र एकरूपका फलाम तथा स्टिलका सामग्री सहजै उपलब्ध हुन थाले । फलस्वरूप गाउँघरमा चल्ने धेरै परम्परागत भट्टी बन्द हुँदै गए । खानी सञ्चालन, अयस्क प्रशोधन र हातैले औजार बनाउने पुरानो सीप पनि क्रमशः सीमित हुँदै गयो ।

यो परम्परा केवल पुरानो प्रविधिको कथा होइन । यसले हाम्रा पुर्खाले आफ्नो वरिपरिको प्रकृति कसरी बुझे, स्थानीय स्रोतलाई कसरी उपयोग गरे र कठिन परिस्थितिमा आवश्यक प्रविधि आफैँ कसरी विकास गरे भन्ने कुरा देखाउँछ । आज आधुनिक विज्ञानले भूगर्भीय परीक्षण गरेर फलाम खोज्छ र विशाल कारखानाले केही घण्टामै ठूलो परिमाणमा स्टिल उत्पादन गर्छ । त्यसको प्रारम्भिक रूप खोज्दै जाने हो भने मानिसको हातमा रहेको ढुंगा, आगो, कोइला, धौंकनी र घनसम्म पुगिन्छ ।

फलामको इतिहास त्यसैले धातुको इतिहास मात्र होइन, मानिसले प्रकृतिलाई बुझ्दै आफ्नो आवश्यकता पूरा गर्न ज्ञान र प्रविधि निर्माण गरेको लामो यात्राको इतिहास पनि हो । नेपालको सन्दर्भमा पुराना फलामखानी, भट्टी र कालिगढको परम्परा यस यात्राको आफ्नै मौलिक अध्याय हो । आधुनिक विकाससँगै यस्ता ऐतिहासिक खानी र परम्परागत प्रविधिको अध्ययन, संरक्षण र अभिलेखीकरण गर्न सकेमा भविष्यका पुस्ताले आफ्ना पुर्खाको प्राविधिक बुद्धिमत्ता र श्रमको मूल्यलाई अझ नजिकबाट बुझ्न सक्नेछन् ।

# अनेसास नेपाल च्याप्टरद्वारा गौरव सम्मान अर्पण

काठमाडौं/ अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज (अनेसास) नेपाल च्याप्टरले अनेसासका संस्थापक तथा पूर्व अध्यक्षद्वय भीमप्रसाद रेग्मी र पुरुषोत्तम सुवेदीलाई 'अनेसास संस्थापक गौरव सम्मान' अर्पण गरेको छ । अनेसास क्यालिफोर्निया च्याप्टरका सल्लाहकार शेखर ढुङ्गेललाई पनि सम्मान गरिएको छ ।

नेपाली भाषा, साहित्य तथा अनेसासको संस्थागत अभियानमा महत्वपूर्ण योगदान पुऱ्याएका तीन स्रष्टाको योगदानको कदरस्वरूप नेपाल च्याप्टरले उक्त सम्मान कार्यक्रम




आयोजना गरेको हो । कार्यक्रमको प्रारम्भमा गत भदौ १० गते भोटेकोशीमा आएको महाविनासकारी बाढीमा ज्यान गुमाउनेहरूप्रति श्रद्धाञ्जली अर्पण गर्दै एक मिनेट मौनधारण गरिएको थियो । त्यसपछि प्रमुख अतिथि वरिष्ठ साहित्यकार हिरण्यकुमारी पाठकले दीप प्रज्वलन गरी कार्यक्रमको उद्घाटन गरेकी थिइन् ।

अनेसास नेपाल च्याप्टरकी वरिष्ठ उपाध्यक्ष अधिवक्ता कमला ओलीले स्वागत मन्तव्य राखेकी थिइन् । च्याप्टरकी अध्यक्ष तथा कार्यक्रमकी सभापति मन्जिला अनिल शर्माले सम्मान समर्पणको उद्देश्य र महत्त्वमाथि प्रकाश पार्दै साहित्यिक तथा संस्थागत योगदानको सम्मानले अग्रजहरूको साधना, अनुभव र योगदानलाई नयाँ पुस्तासम्म पुऱ्याउन महत्वपूर्ण भूमिका खेल्ने बताइन् ।

कार्यक्रममा प्रमुख अतिथि हिरण्यकुमारी पाठक, सभापति तथा च्याप्टरकी अध्यक्ष मन्जिला शर्मा अनिल, अभिभावकीय विशेष अतिथि प्रा.डा. खगेन्द्रप्रसाद लुइँटेल, अनेसासका पूर्व अध्यक्ष राधेश्याम लेकाली, पूर्वकेन्द्रीय सल्लाहकार प्रतीक ढकाल, केन्द्रीय सचिव ऋषभदेव घिमिरे, केन्द्रीय सदस्य राजेन्द्र के.सी. तथा च्याप्टरकी पूर्व अध्यक्ष सन्ध्या पहाडीलगायत मञ्चासीन व्यक्तित्वहरूले सम्मानित व्यक्तित्वहरूलाई रुद्राक्षको माला, दोसल्ला तथा सम्मानपत्रद्वारा सम्मान गरेका थिए ।

सम्मानपत्रमा उल्लिखित व्यहोरा च्याप्टरका सचिव खेमराज न्यौपाने र सदस्य शान्ति रिसालले वाचन गरेका थिए । अनेसासका संस्थापक सदस्य तथा पूर्व अध्यक्ष भीमप्रसाद रेग्मीले अनेसासको प्रारम्भिक यात्रादेखि विभिन्न जिम्मेवारी सम्हाल्दै संस्थाको नेतृत्व गरेका थिए । त्यसैगरी पुरुषोत्तम सुवेदी अनेसासका संस्थापक सदस्यदेखि पूर्व अध्यक्ष तथा बोर्ड अफ ट्रस्टीको नेतृत्व तहसम्म रहेर संस्थासँग जोडिँदै आएका छन् । प्रवासमा रहेर नेपाली भाषा तथा साहित्यको प्रवर्द्धनमा सक्रिय शेखर ढुङ्गेल अनेसास क्यालिफोर्निया च्याप्टरसँग आबद्ध रहँदै आएका छन् ।

सोही अवसरमा 'अनेसास नवरत्न पुरस्कार-२०२६' बाट पुरस्कृत अनेसासकी पूर्व उपाध्यक्ष डा. रेणु थापा सोलुलाई उक्त पुरस्कार अर्पण गरिएको थियो । अनेसास केन्द्रद्वारा घोषित सो पुरस्कार च्याप्टरको उक्त कार्यक्रममा हस्तान्तरण गरिएको हो । त्यसैगरी अनेसासकी पूर्व केन्द्रीय सदस्य माया गुरुङ र अनेसास क्यालिफोर्निया च्याप्टरका अध्यक्ष श्रीबाबु आचार्यलाई दोसल्ला ओढाएर स्वागत सम्मान गरिएको थियो ।

शुभकामना मन्तव्यका क्रममा वरिष्ठ साहित्यकार खेमनाथ दाहालले च्याप्टरकी अध्यक्ष मन्जिला शर्माले च्याप्टरका लागि भूमिदान गरेकोमा प्रशंसा तथा धन्यवाद व्यक्त गर्दै नेपालमा अनेसासको आफ्नै भवन निर्माणका लागि पहल गर्नुपर्नेमा जोड दिए । यसै क्रममा दाहालले अनेसासकी माता स्व. नन्दादेवी सुवेदीको नाममा स्मृति प्रतिष्ठान स्थापना गर्नुपर्नेमा जोड दिए ।

अनेसास केन्द्रीय सचिव ऋषभदेव घिमिरेले केन्द्रले अनेसास नेपाल च्याप्टरलाई आवश्यक सहयोग गर्दै आएको र आगामी दिनमा पनि थप सहयोग गर्ने बताए । उनले अनेसासको संस्थागत विकासका लागि भवन निर्माणको आवश्यकता रहेको उल्लेख गर्दै त्यसतर्फ पहल गर्नुपर्नेमा जोड दिए ।

च्याप्टरकी पूर्व अध्यक्ष तथा पुरस्कार समिति सदस्य सन्ध्या पहाडीले सम्मानित व्यक्तित्व भीमप्रसाद रेग्मीको अनेसासप्रतिको योगदानको चर्चा गर्दै बधाई तथा शुभकामना व्यक्त गरिन् । अनेसासका पूर्व केन्द्रीय अध्यक्ष राधेश्याम लेकालीले कार्यक्रमको महत्वमाथि प्रकाश पार्दै सम्मानित व्यक्तित्व पुरुषोत्तम सुवेदी र शेखर ढुङ्गेलको व्यक्तित्व तथा योगदानको चर्चा गरे । उनले कार्यक्रमको आयोजनाका लागि नेपाल च्याप्टरलाई धन्यवाद दिँदै सम्मानित व्यक्तित्वहरूलाई बधाई तथा शुभकामना व्यक्त गरे ।

सम्मानित व्यक्तित्व भीमप्रसाद रेग्मीले सम्मानप्रति आभार व्यक्त गर्दै अनेसाससँगको आफ्नो यात्रा, अनुभव तथा नेपाली भाषा-साहित्यप्रतिको प्रतिबद्धताबारे धारणा राखे । उनले अनेसासको आजीवन सदस्यता अद्यावधिकको विषयमा समेत आफ्नो धारणा व्यक्त गरे ।

त्यसैगरी सम्मानित व्यक्तित्व पुरुषोत्तम सुवेदीले सम्मानप्रति आभार व्यक्त गर्दै पूर्ववक्ताहरूले नेपालमा अनेसासको भवन निर्माण गर्नुपर्ने विषय उठाएको सन्दर्भमा आफूले सक्दो सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरे । उनले विश्वभर रहेका अनेसासका च्याप्टरहरूसँग पनि आवश्यक सहयोगका लागि पहल गर्नुपर्ने र त्यसका लागि आफूले समन्वय गर्ने बताए ।

यसै क्रममा नेपाली भाषा तथा साहित्यका अध्येता एवं समालोचक प्रा.डा. खगेन्द्रप्रसाद लुइँटेलले शुभकामना मन्तव्य राख्दै नेपाल च्याप्टरले अग्रजहरूको योगदानलाई स्मरण र सम्मान गर्दै नयाँ पुस्तालाई सिर्जना तथा संस्थागत यात्रासँग जोड्ने कार्यलाई निरन्तरता दिनुपर्ने धारणा व्यक्त गरेभने च्याप्टरले गरेको यस कार्यक्रमको विषयमाथि खुलेर प्रशंसा गरेका थिए ।

प्रमुख अतिथि हिरण्यकुमारी पाठकले सम्मानित स्रष्टाहरूलाई बधाई तथा शुभकामना दिँदै नेपाली साहित्यको समृद्धिका लागि सिर्जना, साधना र संस्थागत सहकार्यको निरन्तरतामा जोड दिइन् । कार्यक्रमका बीचमा च्याप्टरकी कोषाध्यक्ष कमला रिसालले राष्ट्रभक्ति गीत प्रस्तुत गरेकी थिइन् भने गजेन्द्र बोहोराले गजल प्रस्तुत गरेका थिए ।

कार्यक्रमको अन्त्यमा च्याप्टरकी उपाध्यक्ष रञ्जना निरौलाले उपस्थित सम्पूर्ण अतिथि, स्रष्टा, साहित्यकार तथा साहित्यप्रेमीहरूप्रति धन्यवाद ज्ञापन गरेकी थिइन् ।

कार्यक्रममा काठमाडौंस्थित विभिन्न साहित्यिक संस्थाका नेतृत्व तथा साहित्यकारहरूको उल्लेख्य उपस्थिति थियो । सहभागीहरूमा रामप्रसाद पन्त, विजयध्वज थापा, शारदाका सम्पादक विमल भौकाजी, मुरारी सिग्देल, श्रीबाबु कार्की, विक्रमभक्त जोशी, राजरजक, ट्रस्टिज अम्बिका गुरुङ, डा. रामदयाल राकेश, विष्णुबाबु तिवारीलगायत साहित्यिक क्षेत्रका पाँच दर्जनभन्दा बढी व्यक्तित्वहरू थिए । च्याप्टरका सबै पदाधिकारी तथा सदस्यहरूले कार्यक्रममा आ-आफ्नो जिम्मेवारी सक्रियतापूर्वक निर्वाह गरेका थिए ।

कार्यक्रमको सञ्चालन रमेश दाहालले गरेका थिए । दाहालले कार्यक्रम समापनको घोषणा गरेपछि सम्मानित व्यक्तित्व, अतिथि तथा अनेसासका पदाधिकारीहरूको सामूहिक तस्वीर लिइएको थियो ।

लोकतन्त्रप्रति पूर्ण समर्पित

साप्ताहिक

नयाँ विमर्श

Naya Bimarsha Weekly

# A Reflection of Divine Compassion

P. Pilgrim

During the dark and fracturing days of the American Civil War, President Abraham Lincoln bore the immense weight of a splintered nation. Yet, amid the relentless demands of statecraft and military strategy, Lincoln consistently demonstrated an extraordinary willingness to see individual suffering. One of the most poignant examples of this individual grace occurred in his encounter with a young child soldier named John McLaughlin. This historic meeting stands not only as a testament to a president's deep empathy but also serves as a beautiful earthly reflection of God's profound compassion for humanity.

John McLaughlin was merely ten years old when he attached himself to the Union Army, answering a call to service far beyond his years. The harsh realities of war caught up with the young boy at the Battle of Perryville in 1862. Amid the smoke and chaos, McLaughlin was severely wounded twice, leaving his leg permanently damaged. Because of his youth and debilitating injuries, the military moved to grant him a medical discharge. For McLaughlin, this was a devastating blow. The army had become his home, his community, and his sole livelihood. To be discharged was to lose everything. Refusing to despair, the young boy took a bold step: he sought a personal audience with the President of the United States. McLaughlin arrived at the White House not as an influential politician or a high-ranking general, but as a wounded, jobless, orphaned child seeking mercy. When Lincoln met with young McLaughlin, he did not see an inconvenience or a minor bureaucratic issue. He saw a suffering child who had sacrificed his health for the Union. Deeply moved by the boy's plight and his fierce determination to remain in service, Lincoln chose to intervene personally. Rather than allowing the military bureaucracy to cast the wounded boy aside, Lincoln overrode the discharge. He reassigned McLaughlin as an official military bugler, ensuring the boy kept his job, his dignity, and his place within the army. Lincoln's response was a masterclass in empathy. In a time of national crisis, the Commander-in-Chief paused the machinery of war to heal the broken spirit of a single, helpless boy.

This touching historical account serves as a powerful mirror for the way God interacts with hurting humanity. Just as young McLaughlin was broken by the battles of this world and faced being cast out, mankind often finds itself wounded by sin, hardship, and despair. Lincoln's compassion beautifully illustrates the heart of God as described in the Holy Scriptures. The Bible frequently reminds us that God does not look past the broken hearted, nor does He turn away those who seek His help. As it is written in Psalms 147:3 "He healeth the broken in heart, and bindeth up their wounds."

Furthermore, Lincoln's willingness to pause his presidential duties to hear a child echoes the absolute accessibility of Almighty God. Though God rules the entire universe, He is never too busy to listen to the cries of the humble. This divine attentiveness is promised in Psalms 103:13: "Like as a father pitieth his children, so the Lord pitieth them that fear him."

The meeting between John McLaughlin and Abraham Lincoln reminds us that true greatness is measured by how we treat the most vulnerable. Lincoln's decision to preserve the boy's livelihood was an act of pure grace. For believers, it stands as an enduring earthly parable of a much greater reality: that when we approach the throne of God wounded and helpless, we are not discharged or cast away. Instead, we are met with a heavenly compassion that binds our wounds, restores our purpose, and welcomes us into eternal service.

pilgrimway101@yahoo.com

## कांग्रेस ...

देखिँदै आएको गुटगत संरचनाको मूल समस्या नै यही हो कि व्यक्ति मिल्छन्, समूह मिल्छन्, तर संस्थागत संस्कृति बदलिँदैन। चुनाव आउँदा टिकटको भागबन्डा, पदाधिकारी चयनमा हिस्सेदारी, सरकार गठनमा प्रभाव र पार्टीभित्र आफ्नो समूहको संख्या बढाउने प्रतिस्पर्धा फेरि शुरु हुन्छ। यस्तो राजनीतिक अभ्यासले कांग्रेसलाई जनताका वास्तविक मुद्दाभन्दा नेताहरूको व्यवस्थापनमा बढी केन्द्रित बनाउँछ। यदि समानान्तर गतिविधिको अन्तिम उद्देश्य फेरि मूल कांग्रेसमै फर्किएर पुरानै शक्ति समीकरण निर्माण गर्नु हो भने त्यसले कांग्रेसलाई नयाँ बाटो दिँदैन। बरु एउटा गुट कमजोर भएर अर्को गुट बलियो हुने चक्र मात्र दोहोरिन्छ। अहिलेको कांग्रेसले विचार, संगठन र नेतृत्वको प्रश्नलाई व्यक्ति केन्द्रित सौदाबाजीबाट बाहिर निकाल्न नसकेमा इतिहास, संगठन र पुरानो जनाधार मात्रै बोकेर भविष्यको राजनीति जित्न कठिन हुनेछ। नयाँ पुस्ता पुराना अनुहारबाट मात्र असन्तुष्ट छैन; ऊ निर्णय गर्ने शैली, अवसरको वितरण, नेतृत्वको जवाफदेहिता र राजनीतिमा देखिएको आत्मकेन्द्रित प्रवृत्तिबाट पनि प्रश्न गरिरहेको छ। त्यसैले कांग्रेसको संकटलाई केवल देउवा पक्ष र थापा पक्षबीचको संघर्षका रूपमा बुझ्नु समस्याको सतही व्याख्या हुनेछ।

यहीँबाट कांग्रेसका लागि एउटा ठूलो अवसर पनि शुरु हुन्छ। पछिल्लो राजनीतिक परिस्थितिमा राष्ट्रिय स्वतन्त्र पार्टीजस्ता नयाँ राजनीतिक शक्तिले प्राप्त गरेको आकर्षणको एउटा कारण स्थापित दलहरूप्रतिको असन्तुष्टि हो। त्यस असन्तुष्टिको सम्पूर्ण राजनीतिक स्वामित्व नयाँ दलले मात्र लिन सक्दैनन्। यदि गगनकुमार थापा नेतृत्वको कांग्रेसले आफूलाई साँच्चिकै नयाँ राजनीतिक संस्कृतिमा ढाल्न सक्यो भने त्यही असन्तुष्ट मतदाताको ठूलो हिस्सा कांग्रेसतर्फ फर्किन सक्ने सम्भावना रहन्छ। त्यसका लागि पहिलो शर्त कांग्रेसले आफूलाई केवल पुरानो इतिहासको उत्तराधिकारीका रूपमा प्रस्तुत गर्न छाड्नु हो। बी.पी. कोइरालाको नाम लिनु मात्रै पर्याप्त हुँदैन; बी.पी.ले प्रतिपादन गरेको लोकतान्त्रिक समाजवाद, नागरिक स्वतन्त्रता, सामाजिक न्याय र जनउत्तरदायी राजनीतिको मर्मलाई आजको आर्थिक तथा सामाजिक परिस्थितिसँग जोड्न सक्नुपर्छ। दोस्रो, नेतृत्व चयनमा पारदर्शिता र पुस्तान्तरणलाई संस्थागत गर्नुपर्छ। एउटै व्यक्तिले दशकौँसम्म पार्टीको शक्ति नियन्त्रणमा राख्ने अभ्यास अन्त्य नगरेसम्म नयाँ पुस्ताको आकर्षण भाषणबाट मात्र प्राप्त हुँदैन। तेस्रो, पार्टीभित्र गुटको आधारमा अवसर दिने संस्कारलाई कमजोर पार्दै क्षमता, योगदान र जनसम्बन्धलाई प्राथमिकता दिनुपर्छ। चौथो, कांग्रेसले सरकारमा हुँदा र प्रतिपक्षमा हुँदा आफ्नो राजनीतिक चरित्र स्पष्ट देखाउनुपर्छ। भ्रष्टाचार, बेरोजगारी, शिक्षा, स्वास्थ्य, उत्पादन, वैदेशिक रोजगारी, अर्थतन्त्र र सुशासनजस्ता विषयमा जनताले अनुभूति गर्न सक्ने कार्यक्रम दिन सकेमा कांग्रेसको राजनीतिक पुनर्जागरण सम्भव छ।

अहिले कांग्रेसका अगाडि मूलतः दुई बाटा देखिन्छन्। एउटा बाटो पुरानै शक्ति समीकरणलाई जोगाउन समानान्तर संरचना बनाउने, गुटलाई संस्थागत गर्ने र अन्ततः फेरि कुनै सम्झौतामार्फत सबैलाई एउटै छातामुनि ल्याउने हो। अर्को बाटो भनेको विगतका कमजोरी स्वीकार गर्दै पार्टीलाई नयाँ राजनीतिक शक्तिका रूपमा पुनर्निर्माण गर्ने हो। पहिलो बाटो तत्काल केही नेताको राजनीतिक अस्तित्वका लागि उपयोगी देखिए पनि त्यसले कांग्रेसको दीर्घकालीन भविष्य सुनिश्चित गर्दैन। दोस्रो बाटो कठिन छ, किनभने यसमा धेरै पुराना अभ्यास, सम्बन्ध र स्वार्थलाई चुनौती दिनुपर्ने हुन्छ। तर राजनीतिक दलको जीवनमा कठिन बाटो नै प्रायः पुनर्जन्मको बाटो पनि बन्न सक्छ। गगनकुमार थापा नेतृत्वको कांग्रेसले आफूलाई साँच्चिकै रूपान्तरण गर्न सक्यो भने अहिलेको राजनीतिक असन्तुष्टिलाई आफ्नै पक्षमा बदल्ने अवसर उसँग छ। त्यसका लागि देउवा वा कोइराला पक्षलाई पराजित गर्नु मात्र पर्याप्त हुँदैन; कांग्रेसभित्रको गुट संस्कृतिलाई पराजित गर्नुपर्छ। पार्टीलाई व्यक्तिको वरिपरि होइन, नीति र संस्थाको वरिपरि उभ्याउनुपर्छ। समानान्तर कांग्रेस निर्माण गर्ने प्रयासले मूल कांग्रेसलाई कमजोर बनाउने हो कि उल्टै उसलाई आफ्नो कमजोरी पहिचान गरेर सुधार गर्ने अवसर दिने हो, त्यो अब नेतृत्वको व्यवहारमा निर्भर छ। राष्ट्रिय स्वतन्त्र पार्टीको उदयले स्थापित दललाई एउटा स्पष्ट सन्देश दिइसकेको छ कि जनताले विकल्प खोज्न सक्छन्। त्यसको अर्को अर्थ पनि छ कि स्थापित दलले आफूलाई बदल्न सकेमा त्यही जनमत पुनः आफ्नो पक्षमा ल्याउन पनि सक्छ। त्यसैले कांग्रेसका लागि अहिलेको चुनौती केवल महाधिवेशन सम्पन्न गर्नु होइन; महाधिवेशनपछि कस्तो कांग्रेस निर्माण गर्ने भन्ने हो। यदि नयाँ नेतृत्वले संगठनलाई चुस्त, विचारलाई समयसापेक्ष, नेतृत्वलाई जवाफदेही र राजनीतिलाई जनमुखी बनाउन सक्यो भने गगनकुमार थापा नेतृत्वको कांग्रेस आगामी दिनमा नेपाली राजनीतिमा नयाँ शक्तिको रूपमा स्थापित हुन सक्छ। अन्यथा समानान्तर अधिवेशन, गुटगत सम्झौता र पदको भागबन्डाले कांग्रेसलाई इतिहासको गौरव बोकेको तर वर्तमानमा प्रभाव गुमाउँदै गएको दलमा सीमित गरिदिन सक्छ। कांग्रेसको भविष्य अब उसको इतिहासले होइन, उसले आफूलाई बदल्न सक्ने क्षमताले निर्धारण गर्नेछ।

## अभियान कि ...

अभियानको संख्या होइन, राजनीतिक संस्कारमा परिवर्तन हो। पुराना दलका कमजोरी औँल्याएर नयाँ अभियान बनाउनु सजिलो छ, तर त्यही कमजोरीबाट मुक्त संगठन र नेतृत्व निर्माण गर्नु कठिन काम हो। त्यसैले झलनाथ खनाल नेतृत्वको सम्भावित अभियान होस् वा 'नागरिक अभियान' तथा तराईकेन्द्रित सम्भावित पहल सबैले आफूलाई अरूभन्दा फरक देखाउनेभन्दा पनि देशले भोगिरहेको राजनीतिक, आर्थिक र सामाजिक संकटको ठोस समाधान प्रस्तुत गर्न सक्नुपर्छ। अन्यथा एउटै असन्तुष्टिबाट जन्मिएका अनेक अभियानले नागरिकको अपेक्षा अझै अन्योलमा पार्न सक्छन्। राजनीतिक विकल्प आवश्यक हुन्छ, तर विकल्पको अर्थ सधैँ नयाँ दल वा नयाँ समूह मात्रै हुँदैन।

आजको मूल प्रश्न विद्यमान राजनीतिक दल समाप्त हुनुपर्छ कि नयाँ अभियान जन्मिनुपर्छ भन्ने होइन। प्रश्न यो हो कि विद्यमान दलहरू आफूलाई कति बदल्न तयार छन् ? नेपाली कांग्रेस, नेकपा (एमाले), माओवादी धारासहितका कम्युनिष्ट दल तथा तराईकेन्द्रित राजनीतिक शक्तिहरूले आफ्ना संगठन, नेतृत्व चयन प्रक्रिया, कार्यशैली र सार्वजनिक जवाफदेहितामा गम्भीर सुधार गर्न सके नयाँ अभियानको आकर्षण स्वतः घट्न सक्छ। दलहरू जनतासँग जोडिन सकेनन्, नेतृत्व पुस्तान्तरण गर्न सकेनन् र आफ्नै कमजोरीमाथि आत्मसमीक्षा गर्न तयार भएनन् भने जतिसुकै अभियान जन्मिए पनि असन्तुष्टिको मूल कारण समाप्त हुँदैन। त्यसैले अहिले आवश्यक कुरा राजनीतिक शक्तिहरूको थप विभाजन होइन, राजनीतिक शक्तिको पुनर्संरचना र आत्मसुधार हो। नयाँ अभियानले पनि आफूलाई परिवर्तनको एक मात्र संवाहक ठान्नुभन्दा विद्यमान दललाई सुधारतर्फ दबाब दिने, जनताको आवाजलाई संस्थागत गर्ने र आवश्यक परे वैकल्पिक राजनीतिक शक्तिका रूपमा स्थापित हुने बाटो रोज्नु बुद्धिमानी हुनेछ। अन्ततः मुलुकलाई निकास दिने शक्ति अभियानको भीडले होइन, जिम्मेवार नेतृत्व, सुधारिएको राजनीतिक संस्कृति र जनताप्रति उत्तरदायी दलहरूले नै निर्माण गर्ने हो।

## सुशासनको ...

प्रधानमन्त्री हुँदा सिंहदरबार अगाडि र पछाडिको जग्गा राजनीतिक दल र कर्मचारी संगठनलाई दिइयो। तिनको भवन बनाउन सरकारी जग्गा दिइएको थियो। गुम्बा बनाउने नाममा जग्गा बाँड्ने पनि उनी नै हुन्। सर्प पाल्ने नाममा ७० करोड हिनामिना गरेको आरोप उनीमाथि छ। झापाको गिरीबन्धु टी स्टेटको जग्गा सर्वप्रथम व्यक्तिलाई दिने प्रधानमन्त्री मनमोहन अधिकारी हुन्। उनले क्याबिनेट निर्णय गरेर जग्गा व्यक्तिको नाममा पास गरिदिएका थिए। २०६० सालमा सूर्यबहादुर थापा, २०७८ बैशाख ७ र १३ गते खड्गप्रसाद शर्मा ओली नेतृत्वको क्याबिनेट बैठकले जग्गा पास गर्ने निर्णय गऱ्यो।

शेरबहादुर देउवा प्रधानमन्त्री हुँदा २०५३ असार १४ गते क्याबिनेट बैठकले चितवनको कलेज अफ मेडिकल साइन्सलाई ९ बिगाहा जमिन दिइयो। कलेजले ३१ बिगाहा जमिन हडपिरहेको छ। गम्भीर कुरा के भने, कलेजले सो सरकारी जग्गा धितो राखेर बैंकबाट एक अर्ब ३५ करोड रुपियाँ ऋण लिएको छ। २०४९ चैत ८ गते नवलपरासीको भृकुटी नेपाली कागजको जग्गा उद्योगी शेखर गोल्छाको हिमाली पाइप नामक कम्पनीलाई बिक्री गरियो। त्यतिबेला प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला र अर्थमन्त्री महेश आचार्य थिए। १७ करोड रुपियाँमा जग्गा बिक्री गरिएकोमा कम्पनीले चार करोड मात्र दिएको छ। त्यो जग्गा धितो राखेर कम्पनीले बैंकबाट १२ अर्ब रुपियाँभन्दा बढी कर्जा लिएको छ। कृष्णप्रसाद भट्टराई २०४७ सालमा प्रधानमन्त्री हुँदा ललिता निवास, बौद्धस्थित हायात होटल, सिंहदरबार पछाडिको कालिकास्थानमूनि, पिपलबोट अगाडि, बाँसघारी पुतलीसडक, घट्टेकुलो, अनामनगर, बिजुलीबजार, माइतीघर, बबरमहल, अन्नपूर्ण अस्पताल, काठमाडौं प्रशासनको दायाँबायाँ, धोबीखोला, मैतीदेवी पेट्रोल पम्प सञ्चालित जग्गा र दायाँबायाँ, गौशालाको भडखालो र सिफल चौरमूनि कालोपुल र रातोपुलको बीचमा, माइती नेपाल, पिंगलथान र विजयी चोकको जग्गा व्यक्तिलाई दिइएको छ। २०२९ सालमा धोबीखोला बगेर सिंहदरबारको परिसरसम्म आउँथ्यो भन्नेहरु अहिले पनि भेटिन्छन्।

भक्तपुरमा नेमकिपाका अध्यक्ष नारायणमान बिजुक्छेको आडमा भक्तपुर नगरपालिका १, आर्मी ब्यारेकको दायाँबायाँ, चंगा गणेशस्थान, खरिपाटी जाने बाटोको दायाँबायाँ, निकोसेरा, राधेराधेको कमेरीटारसम्म, सिर्जनानगरको पारिपट्टी जम्मै कब्जा गरिएको छ। चौरअगाडि तीनवटा ढुंगेधारा र राजकुलो थिए। त्यो पुरेर बिकुलाल ख्याउँजुले घर बनाएका छन्। त्यहाँ ब्युटीपार्लर, चिया पसल, फलफूल पसल सञ्चालनमा छ। भक्तपुरमा १ लाख ६८ हजार रोपनी सरकारी, ऐलानी, सार्वजनिकलगायतका जग्गा व्यक्तिको नाममा गएको मालपोत कार्यालयको तथ्यांक छ। सरकार ती जग्गा सरकारकै नाममा ल्याउन चासो देखाउँदैन। सुशीला कार्की प्रधानन्यायाधीश हुँदा चार हजार पाँच सय २४ रोपनी जग्गा भूमाफियाको नाममा गयो। उनको गलत फैसलाले धरानको सरकारी जग्गा व्यक्तिले पाएको हो।

यी त केही उदाहरण मात्र हुन्। पहुँचको दुरुपयोग गर्दै सरकारी सम्पत्तिमा क्षति पुऱ्याउनेहरु अहिले पनि शक्तिमै छन्। बालेन सरकारलाई त्यस्ता व्यक्तिलाई कानूनको दायरामा ल्याउन कसले रोक्यो ? भ्रष्टाचार समात्नमा कसले अवरोध गऱ्यो ? जनताले त १८२ सिट दिएका छन्। त्यो मत दिनुको कारण भ्रष्टाचारीलाई समा, सरकारी सम्पत्तिको संरक्षण गर, काम गर भनेर होइन ? पुराना सरकारले विभिन्न मितिमा बनाएको प्रतिवेदन पनि बालेन सरकारले सार्वजनिक गरेन। मल्लिक आयोगको प्रतिवेदन, भैरव लम्साल सम्पत्ति छानबिन प्रतिवेदन, रायमाझी आयोग प्रतिवेदन, लाल आयोगको प्रतिवेदन, ३८ सय किलो सुन तस्करीसम्बन्धी प्रतिवेदन, ६१ किलो सुन तस्करीसम्बन्धी प्रतिवेदन, सरकारी, सार्वजनिक जग्गासम्बन्धी प्रतिवेदन, सचिवको दरबन्दी घटाउनेसम्बन्धी प्रतिवेदन, उच्चस्तरीय तलब सुविधा आयोगको प्रतिवेदन, समाज कल्याण परिषद्को अनियमिततासम्बन्धी प्रतिवेदन, प्रधानमन्त्री कार्यालयको सुदृढीकरण प्रतिवेदन, संस्थान सुधार सुझावसम्बन्धी प्रतिवेदन थन्किएकै अवस्थामा छ।

२०१५ सालमा काँग्रेसले पनि यसैगरी मत पाएको थियो तर काँग्रेसले काम गर्न सकेन। त्यसपछि यत्रो मत पाउने रास्वपा हो। रास्वपाले पनि काम नगर्ने हो भने यत्रो मत दिनुको के औचित्य रह्यो ? सरकारले भ्रष्टाचारको फाइल भटाभट खोल्नुपऱ्यो, सरकारी सम्पत्ति दुरुपयोग गर्नेलाई धमाधम समात्नुपऱ्यो। बालेनले काठमाडौं महानगरपालिकाको प्रमुख हुँदा काम गरे, त्यसैले जनताले उनलाई पत्याए। उनकै अनुहार हेरेर रास्वपालाई त्यत्रो मत दिइयो। अहिले सरकार सुस्ताएको छ, कारण के ? सरकार कमजोर बन्दै गएको छ, विपक्षी बलियो। अब सरकार एक्सनमा जानुपर्छ। पदमा हुञ्जेल हो गर्ने, यो अवसरको सदुपयोग गरौं।

## कांग्रेसमा ...

नेताहरूले आफ्नो राजनीतिक भविष्यलाई नयाँ नेतृत्वसँग कसरी जोड्ने भन्ने हिसाब गर्न थालेपछि देउवा पक्षको मनोबलमा असर परेको देखिन्छ।

यसलाई देउवा स्वयंका लागि पनि असहज परिस्थितिका रूपमा हेरिएको छ। नेपाल फर्काउन र उनको राजनीतिक सक्रियतालाई निरन्तरता दिन भूमिका खेलेका कतिपय नेता अहिले मूल कांग्रेसको प्रक्रियातर्फ उभिन थालेपछि देउवा पक्षमा आफूलाई राजनीतिक रूपमा एक्ल्याइएको अनुभूति हुन सक्ने अवस्था बनेको छ।

कांग्रेसमा देउवाको राजनीतिक प्रभावलाई एकैपटक समाप्त भएको ठान्नु पनि हतार हुनेछ। संगठनभित्र उनको लामो समयदेखिको प्रभाव, कार्यकर्तासँगको सम्बन्ध र पार्टी सञ्चालनको अनुभव अझै महत्वपूर्ण राजनीतिक सम्पत्ति हुन्। प्रश्न यति मात्र हो कि उनी त्यस प्रभावलाई विभाजनतर्फ प्रयोग गर्छन् कि नयाँ नेतृत्वसँग सहकार्यको आधार बनाउँछन् ?

*निधिको टिप्पणीले बहस*

कांग्रेसभित्रको वर्तमान अवस्थालाई लिएर नेता विमलेन्द्र निधिले पार्टीमा विभाजनको अवस्था देखिएको र अर्को घर खोज्ने परिस्थिति बनेको आशयको टिप्पणी गरेका छन्। निधिको यस्तो अभिव्यक्तिले कांग्रेसको आन्तरिक विवादलाई केवल महाधिवेशनको प्राविधिक विषय नभई राजनीतिक अस्तित्वको बहसका रूपमा समेत हेर्नुपर्ने अवस्था बनाएको छ।

वास्तवमा कांग्रेसमा अहिले दुईवटा प्रवृत्ति एकसाथ देखिएका छन्। एउटा पक्ष पुरानो संरचना, अनुभव र स्थापित राजनीतिक सम्बन्धलाई जोगाएर अघि बढ्न चाहन्छ। अर्को पक्षले विगतको नेतृत्व शैलीले नयाँ परिस्थितिको सामना गर्न नसक्ने भन्दै संगठनलाई नयाँ पुस्ताको सोचअनुसार पुनर्गठन गर्नुपर्ने तर्क गरिरहेको छ।

यही दुई धारबीचको दूरी बढ्दै गए पार्टी औपचारिक रूपमा नफुटे पनि व्यवहारमा दुई राजनीतिक केन्द्र बन्न सक्ने खतरा कांग्रेसभित्रका नेताहरूले औँल्याउन थालेका छन्।

*मौनता अर्थपूर्ण*

देउवा पक्षको अहिलेको सबैभन्दा ठूलो कमजोरी उसले अपेक्षा गरेजति व्यापक समर्थन जुटाउन नसक्नु हो। पार्टीभित्र लामो समयदेखि देउवाको प्रतिस्पर्धी धारमा रहेका डा. शेखर कोइराला तथा प्रभावशाली नेता पूर्णबहादुर खड्काको पछिल्लो अवस्थाले पनि यही संकेत गर्छ।

उनीहरू देउवा पक्षको समानान्तर महाधिवेशन अभियानमा स्पष्ट रूपमा खुलेर नआउनुलाई सामान्य मौनता मात्र मानिएको छैन। कांग्रेसको भावी शक्ति सन्तुलनमा आफूलाई कहाँ राख्ने भन्ने विषयमा नेताहरूले परिस्थिति हेरेर निर्णय गरिरहेको बुझाइ पार्टीभित्र छ। यस्तो अवस्थामा देउवा पक्षले छुट्टै महाधिवेशनबाट वैधानिक र राजनीतिक बल प्राप्त गर्न सक्ने सम्भावना पनि चुनौतीपूर्ण देखिन्छ। राजनीतिक रूपमा प्रभावकारी देखिन जनसमर्थन, संगठनात्मक उपस्थिति र नेताहरूको व्यापक साथ आवश्यक पर्छ। तीमध्ये केही पक्षमा कमजोर देखिन थालेपछि समानान्तर संरचना निर्माणको औचित्यमाथि नै प्रश्न उठ्न सक्छ।

*गगनको परीक्षा*

गगन थापाका लागि पनि यो अवस्था जितसँगै चुनौती बोकेर आएको छ। पार्टीको नेतृत्वमा पुग्नु उनको राजनीतिक यात्राको ठूलो उपलब्धि भए पनि त्यसपछि कांग्रेसलाई एकीकृत राख्नु अझ कठिन जिम्मेवारी हुनेछ।

उनले आफूलाई केवल युवा पुस्ताको नेता नभई सम्पूर्ण कांग्रेसको सभापतिका रूपमा स्थापित गर्नुपर्नेछ। देउवा पक्षका नेता-कार्यकर्तालाई पर धकेल्ने शैली अपनाइयो भने अहिलेको विभाजन अझ गहिरिन सक्छ। बरु पुरानो पुस्ताको अनुभवलाई सम्मान गर्दै नयाँ पुस्ताको ऊर्जा उपयोग गर्ने संरचना बनाउन सके कांग्रेसभित्रको संक्रमण सहज बन्न सक्छ।

वरिष्ठ उपसभापति विश्वप्रकाश शर्मा र महिला उपसभापति पुष्पा भुसालको भूमिकाले पनि आगामी नेतृत्वमा महत्व राख्नेछ। नयाँ नेतृत्वको सामूहिक कार्यशैली, जिम्मेवारी बाँडफाँट र आन्तरिक लोकतन्त्रको अभ्यासले कांग्रेसको आगामी स्वरूप निर्धारण गर्नेछ।

*न निषेध, न अवरोध*

कांग्रेस अहिले एउटा महत्वपूर्ण मोडमा छ। पुरानो पुस्तालाई पूर्णतः विस्थापित गरेर मात्र नयाँ कांग्रेस बन्न सक्दैन। त्यस्तै पुरानो नेतृत्वको प्रभावलाई कायम राखेर नयाँ पुस्ताको चाहना रोक्न खोज्दा पनि पार्टीको भविष्य सहज हुँदैन। त्यसैले कांग्रेसले अहिले खोज्नुपर्ने बाटो पुस्ताबीचको संघर्ष होइन, पुस्ताबीचको सहकार्य हो। देउवा र उनीसँग लामो समय काम गरेका नेताहरूको अनुभवलाई संगठन निर्माणमा प्रयोग गर्दै गगनसहितको नयाँ पुस्तालाई निर्णय र कार्यान्वयनको मुख्य जिम्मेवारी दिन सक्नु कांग्रेसका लागि सबैभन्दा व्यावहारिक बाटो हुन सक्छ।

आगामी दिनमा कांग्रेसले जनतासँग जोडिएका विषयलाई आफ्नो राजनीतिक अजेन्डाको केन्द्रमा राख्नुपर्नेछ। रोजगारी, युवा पलायन, शिक्षा, स्वास्थ्य, सुशासन, भ्रष्टाचार नियन्त्रण, अर्थतन्त्र र सार्वजनिक सेवाका प्रश्नमा ठोस धारणा नबनाई केवल नेतृत्व परिवर्तनले पार्टीलाई पुनर्जीवित गर्न सक्दैन।

महाधिवेशनबाट कांग्रेसले नयाँ नेतृत्व पाउनु एउटा राजनीतिक घटना हुनेछ। त्यस नेतृत्वले नयाँ कांग्रेस बनाउन सक्नु वा नसक्नु नै यसको वास्तविक परीक्षा हुनेछ। अहिलेको वातावरणले एउटा कुरा भने स्पष्ट गरिसकेको छ कि कांग्रेसका कार्यकर्ताको ठूलो हिस्सा अब विगत दोहोऱ्याउने पक्षमा छैन। उनीहरू परिवर्तन चाहन्छन्। यही चाहनाले युवापुस्तामा उत्साह बढाएको छ भने पुरानो नेतृत्वलाई सोच्न बाध्य बनाएको छ।

शेरबहादुर देउवाका अगाडि अब प्रश्न केवल आफ्नो पक्षको राजनीतिक अस्तित्व जोगाउने होइन, उनले दशकौँसम्म नेतृत्व गरेको पार्टीलाई विभाजनबाट कसरी जोगाउने भन्ने पनि हो। थापाका अगाडि पनि चुनौती त्यत्तिकै ठूलो छ कि परिवर्तनको नारालाई व्यवहारमा उतारेर सबै धारलाई समेट्ने कांग्रेस बनाउने।

१५औँ महाधिवेशनको परिणामले कांग्रेसको सभापति को हुन्छ भन्ने तय गर्नेछ। त्यसपछि शुरु हुने अध्यायले चाहिँ कांग्रेस पुरानै शैलीमा फर्किन्छ कि नयाँ राजनीतिक संस्कारतर्फ अघि बढ्छ भन्ने निर्णय गर्नेछ। यही कारण यसपटकको महाधिवेशन कांग्रेसका लागि नेतृत्व चयनभन्दा पनि अस्तित्व, पुनर्निर्माण र भविष्यको दिशानिर्देशन गर्ने अवसर बनेको छ।

## एमालेको...

अब उनको राजनीतिक महत्व उनको पदले मात्र होइन, पार्टीभित्र उनले कस्तो भूमिका निर्वाह गर्छिन् भन्नेबाट तय हुनेछ।

यदि भण्डारी पार्टीभित्र विचार र अनुभवको एउटा संयोजनकारी आवाज बन्छिन् भने उनको उपस्थिति एमालेका लागि उपयोगी हुन सक्छ। उनी पनि अर्को शक्ति केन्द्रका रूपमा विकसित भइन् भने अहिले व्यवस्थापन गरिएको विवाद भविष्यमा अर्को प्रतिस्पर्धाको कारण बन्न सक्छ। त्यसैले भण्डारीको वास्तविक परीक्षा पद प्राप्त गर्नुमा होइन, पदलाई पार्टी पुनर्गठनको माध्यम बनाउन सक्नुमा हुनेछ।

एमालेको अर्को चुनौती नयाँ पुस्तासँग सम्बन्धित छ। पछिल्ला राजनीतिक घटनाक्रमले परम्परागत संगठनमा हुर्किएको पुस्ता र नयाँ राजनीतिक वातावरणमा हुर्किएको पुस्ताबीच सोचको अन्तर बढेको देखाउँछ। नयाँ पुस्ता निर्णयमा सहभागिता, नेतृत्वको जवाफदेहिता र राजनीतिक कार्यशैलीमा परिवर्तन चाहन्छ। पुरानो पुस्ता भने संगठन निर्माणमा आफ्नो अनुभव र योगदानको सम्मान खोज्छ। एमालेले यी दुई पक्षलाई भिडाउने होइन, जोड्ने बाटो खोज्नुपर्नेछ।

यही कारण स्थायी कमिटी बैठकले कस्तो निर्णय गर्छ भन्नेभन्दा पनि एमालेले आफ्नै कमजोरीबारे कति खुला ढंगले छलफल गर्न सक्छ भन्ने महत्वपूर्ण हुनेछ। पार्टीको समस्या बाहिरको राजनीतिक प्रतिस्पर्धामा मात्र छैन। संगठनभित्रको संवाद, जिम्मेवारीको बाँडफाँट, नेतृत्व विकास र जनतासँगको सम्बन्ध पनि उत्तिकै महत्वपूर्ण छन्।

आगामी स्थानीय तहको निर्वाचन एमालेका लागि संगठनको वास्तविक परीक्षण बन्नेछ। राजधानीमा हुने बैठकभन्दा गाउँको संगठन कस्तो छ, कार्यकर्तामा कति ऊर्जा छ र मतदातासँग पार्टीको सम्बन्ध कस्तो छ भन्ने कुराले चुनावमा प्रभाव पार्नेछ। त्यसैले अब एमालेले बैठकमा राजनीतिक प्रस्ताव पारित गर्नेभन्दा बाहिर गएर संगठनलाई व्यवहारमै पुनर्जीवित गर्ने कार्यक्रम दिनुपर्ने देखिन्छ।

ओलीका लागि एउटा अर्को चुनौती पनि छ। उनले आफ्नो नेतृत्वलाई निरन्तरता दिँदै गर्दा आफूलाई परिवर्तनको अवरोध होइन, परिवर्तन व्यवस्थापन गर्ने नेतृत्वका रूपमा स्थापित गर्नुपर्नेछ। पार्टीभित्र उठेका प्रश्नलाई दबाएर शान्ति कायम गर्नु र ती प्रश्नको राजनीतिक समाधान खोज्नु दुई फरक कुरा हुन्। एमालेको भविष्य दोस्रो बाटोसँग बढी जोडिएको देखिन्छ।

भण्डारीको उपस्थितिले भने एमालेभित्र संवादको नयाँ ढोका खोलेको छ। उनी पार्टीको दोस्रो वरीयतामा आए पनि उनको प्रभाव कति विस्तार हुन्छ भन्ने अहिले नै निश्चित छैन। यति भने स्पष्ट छ कि एमालेको शक्ति समीकरणमा अब उनको नामलाई बेवास्ता गरेर आगामी राजनीतिक समीकरण बुझ्न कठिन हुनेछ।

एमालेले रोज्नुपर्ने बाटो दुइटा अतिवादी विकल्पमध्ये एउटा कुनमा जाला भन्ने कुरा आमरुपमा उठिरहेको विषय हो। न त पुरानो संरचनालाई जस्ताको तस्तै बचाउनु पर्याप्त हुनेछ, न त विगतलाई पूरै अस्वीकार गरेर नयाँ शुरुवात गर्न सम्भव हुनेछ। पार्टीको अनुभव, वर्तमान नेतृत्व र नयाँ पुस्ताको अपेक्षालाई एउटै राजनीतिक परियोजनामा जोड्न सक्नु नै अहिलेको आवश्यकता हो।

स्थायी कमिटी बैठक त्यसैले एमालेका लागि अर्को एउटा बैठक मात्र होइन। यसले पार्टीभित्रको असन्तुष्टि कुन रूपमा व्यवस्थापन हुन्छ, ओलीले आफ्नो नेतृत्वलाई कस्तो ढंगले पुनर्परिभाषित गर्छन् र भण्डारीले पाएको नयाँ भूमिकालाई कति सक्रिय बनाउँछिन् भन्ने कुराको प्रारम्भिक संकेत दिनेछ।

एमाले अब कसैको व्यक्तिगत राजनीतिक निरन्तरताको प्रश्नमा मात्र अडिन सक्दैन। उसको वास्तविक परीक्षा बदलिएको मतदाता, नयाँ पुस्ता र कमजोर हुँदै गएको परम्परागत राजनीतिक विश्वासबीच आफूलाई कति नयाँ बनाउन सक्छ भन्नेमा हुनेछ। ओलीको रणनीति र विद्याको भूमिका त्यस यात्राका दुई महत्वपूर्ण अध्याय हुन्; तर अन्तिम कथा भने एमालेले संगठन र जनताबीचको सम्बन्ध कति पुनर्निर्माण गर्न सक्छ भन्नेले लेख्नेछ।

## पूर्वाधार

बताइएको छ। यसअघि शहरी विकासकै पूर्ण कडरिया भौतिक पूर्वाधार मन्त्रालयको सचिव बनेका थिए। कडरियाअघिका सबै सचिवहरु प्रशासन क्षेत्रबाट आएका थिए। कडरिया भने इन्जिनियरिङ क्लष्टरबाट आउने पहिलो सचिव बनी इतिहास रचेको पनि बताइएको छ।

कडरियापछि खानेपानीका गजेन्द्र ठाकुर र नापीका मधुसूदन अधिकारी तथा अर्जुन कार्की भौतिक सचिव बनेका थिए। तात्कालिन भौतिक र हालको पूर्वाधार विकास मन्त्रालयमा प्रायजसो सडक विभागमा महानिर्देशक बनेकाहरु सचिव बनेको पनि स्रोतले दाबी गरेको छ। तुलसीप्रसाद सिटौला, रविन्द्रनाथ श्रेष्ठ, देवेन्द्र कार्की, केशव शर्मा र गोपाल सिग्देलले सडक विभागमा बसेर राम्रै आयआर्जन गरेको जानकारहरुले बताएका छन्। यसैगरी अधिकारी, कार्की र ठाकुरले पनि मन्त्रालयबाट राम्रैगरी हात लागी गरी बाहिरिएको पनि स्रोतले दाबी गरेको छ।

अहिले बालेन्द्र शाह (बालेन) को नेतृत्वमा बनेको वर्तमान सरकारले सचिवमा पदस्थापन गराएका मैनालीलाई सरकारको साख जोगाएर कार्य गर्न सकस हुने चर्चा चल्न थालेको छ। अनुभव र कार्यक्षमता भएका मैनालीले पुरानो सोचका कर्मचारी तथा नयाँ सोचको वर्तमान सरकारलाई के कसरी तालमेल गराउन सक्लान् भनी चर्चा चल्ने गरेको छ।

लोकतन्त्रप्रति पूर्ण समर्पित
साप्ताहिक
नयाँ विमर्श
Naya Bimarsha Weekly

किसानहरुका लागि सुवर्ण अवसर
रासायनीक मल न्यूनिकरण गर्दै
माटो सुधार्न, उत्पादन बढाउन, जैविक खेती गर्न
सबै किसिमको एकमात्र रोजाई
BLACk/Gold Brand का
भर्मी कम्पोष्ट, भर्मी प्लस (दानेदार मल)
सोयल केयर (कण्डिसनर), बायोपेष्टीसाइड (M-BTA)
प्रयोग र डिलरको लागि आजै सम्पर्क गर्नुहोस्।
सम्पर्क नं. ९८०८०३२८२०/९८५११६६२३०
किसान स्मार्ट कन्ट्र्याक फार्मिङ नेपाल प्रा.लि.
इटहरी, सुनसरी, उद्योग देवचुली-१४, नवलपुर

"बाढी तथा डुबानका क्षेत्रहरुमा खानेपानीका श्रोतहरू प्रदुषित हुन गई झाडापखाला, हैजा, टाइफाइड र जन्डिस जस्ता पानीजन्य रोगहरू फैलने संभावना भएको हुँदा खानेपानी सेवा प्रदायकहरूबाट वितरित पानीमा राष्ट्रिय खानेपानी गुणस्तर मापदण्ड २०७९ बमोजिम प्रदान गर्न वितरण प्रणालीको अन्तिम बिन्दुमा क्लोरिन अवशेष ०.५ मिलिग्राम प्रति लिटर न्यूनतम कायम हुने व्यवस्था मिलाउनुहुन साथै कुनै सेवा प्रदायकले मापदण्ड बमोजिम खानेपानी गुणस्तर कायम गर्न नसकिने अवस्थामा सेवाग्राहीलाई घरेलु तथा वैकल्पिक उपाय अवलम्बन गरि पानी शुद्धिकरण गरेर मात्र प्रयोग गर्न पूर्व सूचना जारी गर्नुहुन सबैमा अनुरोध छ।"

नेपाल सरकार
पूर्वाधार विकास मन्त्रालय
खानेपानी तथा ढल व्यवस्थापन विभाग
पानीपोखरी, काठमाडौं

# अध्यागमन विभागको सूचना

अध्यागमन विभागबाट प्रदान हुने सेवालाई सुरक्षित, व्यवस्थित र प्रविधिमैत्री बनाउने उद्देश्य अनुरूप यात्रुहरूको आगमन तथा प्रस्थान विवरण नागरिक एपमार्फत प्राप्त गर्न सक्ने व्यवस्था गरिएको छ।

यस व्यवस्थाबाट नेपाली नागरिकहरूले आफ्नो अन्तर्राष्ट्रिय आगमन तथा प्रस्थानसम्बन्धी विवरण (भ्रमण विवरण) प्राप्त गर्न विभागमा भौतिक रूपमा उपस्थित हुनु पर्ने वा भौतिक रूपमा निवेदन दिनुपर्ने बाध्यता हटेको छ।

विभिन्न संघ-संस्था तथा व्यक्तिहरूले यस विभागमा भौतिक रूपमा निवेदन दिई अन्तर्राष्ट्रिय आगमन तथा प्रस्थान विवरण प्राप्त गर्ने व्यवस्थाका कारण समयमा विवरण प्राप्त नहुने, विभागको कार्यबोझ बढ्ने र प्रक्रियागत झन्झट समेत व्यहोर्नुपर्ने अवस्थालाई दृष्टिगत गरी यस्तो व्यवस्था गरिएको हो।

उक्त विवरण प्राप्त गर्न सेवाग्राहीले आफ्नो स्मार्ट फोन (Android/iOS) मा रहेको नागरिक एपमार्फत "अध्यागमन (Immigration)" शीर्षकभित्र प्रवेश गरी "भ्रमण विवरण" मा जानुपर्नेछ। सोही माध्यमबाट नागरिक एपमा लिंक भएको राहदानीबाट नागरिकको विदेश भ्रमणको विवरण हेर्न तथा डाउनलोड गर्न सकिन्छ। यस सेवामार्फत सम्बन्धित व्यक्तिको लिंक भएको राहदानीको विवरण मात्र प्राप्त गर्न सकिने हुँदा व्यक्तिगत विवरण समेत सुरक्षित रहन्छ।

यसबाट सेवाग्राहीको समय र लागत बचत हुनुका साथै सेवा प्रवाह सहज र प्रभावकारी हुने विश्वास लिइएको छ। तसर्थ, यात्रा विवरण माग गर्ने व्यक्ति तथा संस्थाहरूले नागरिक एपबाट प्राप्त गरेको विवरणलाई आधिकारिक स्रोतका रूपमा प्रयोग गर्न सकिनेछ।

**अध्यागमन विभाग**
कालिकास्थान, काठमाडौं
सम्पर्क नम्बर: ०१-४५२९६६०
इमेल : info@nepalimmigration.gov.np




शान्तिपूर्ण समाज निर्माण गरौं।
- शान्ति, सहिष्णुता र भाइचाराको भावना विकास गरौं,
- मतभेदलाई संवाद, सहकार्य र समझदारीबाट समाधान गरौं,
- जाति, धर्म, भाषा, संस्कृति तथा विचारका आधारमा हुने विभेद अन्त्य गरौं,
- हिंसा, द्वन्द्व, घृणा र वैमनस्यको अन्त्यका लागि योगदान दिऔं,
- सामाजिक तथा सांस्कृतिक विविधताको सम्मान गर्दै सद्भाव कायम राखौं,
- परिवार, विद्यालय र समुदायमा शान्ति र अहिंसाको संस्कार विकास गरौं,

विश्व शान्ति र मानवताको संरक्षणमा आफ्नो भूमिका निर्वाह गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

Chief-Editor/Publisher : **Koushal Kumar Bhattarai,** Editor : **Krishna Lamsal** Executive Editor : **Piamani Bhattarai,** Legal Advisor : **Advocate Hari Sharan Jamakatel,**
Chief Reporter: R. Aryal, International News Coordinator: S. Bhattarai,, I.T. Chief: Spandan Bhattarai, Computer Designer: Roshan Gyewali, Press :- Saptarshi Publication, Mitrapark , Kathmandu
Main Office : **Madhyapur Thimi- 3, Bhaktapur, Kathmandu Office-Babar Mahal, Kathmandu,** Phone :- 977-1-5367064, Email : **nayabimarsha@gmail.com**